का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ माघ २०८२
बुधबार
4 February 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २४, अंक १३। पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# ६४५ उम्मेदवारले खुलाएनन् शैक्षिक योग्यता

*लोकतन्त्रमा उम्मेदवारले शैक्षिक योग्यता खुलाउनुलाई पारदर्शिताको न्यूनतम मापदण्ड मानिन्छ । तर ठूलो संख्यामा उम्मेदवारले आफ्नो शैक्षिक योग्यता खुलाएका छैनन् ।*

| जम्मा उम्मेदवार | ३,४०६ |
| --- | --- |
| शैक्षिक योग्यता नखुलाउने | ६४५ |
| साधारण लेखपढ | २५२ |
| एसएलसी पास | ७०३ |
| माध्यमिक तह पास | ६१८ |
| स्नातक | ५६३ |
| स्नातकोत्तर | ३२४ |
| एमफिल | ७ |
| विद्यावारिधि | ५३ |



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० माघ

निर्वाचनमा उम्मेदवार रहेका कुनै पनि उम्मेदवारबारे जानकारी पाउनु नागरिकको हक हो । कस्तो उम्मेदवार हो र के कस्ता एजेन्डा लिएका छन् भन्ने थाहा पाएर मतदाताले मत प्रकट गर्ने हुन् । तर प्रतिनिधि सभा सदस्यको निर्वाचनको हकमा शैक्षिक योग्यता नखुलाउने उम्मेदवारको संख्या पनि उल्लेख्य छ ।

२ सय ७५ सदस्यीय प्रतिनिधि सभामा १ सय ६५ जना प्रत्यक्ष निर्वाचनबाट र १ सय १० जना समानुपातिकतर्फबाट निर्वाचित हुन्छन् । निर्वाचन आयोगका अनुसार प्रत्यक्षतर्फ ३ हजार ४ सय ६ जना उम्मेदवार छन् । उनीहरूमध्ये ६ सय ४५ जनाले आफ्नो शैक्षिक योग्यता नै खुलाएका छैनन् । यो कुल उम्मेदवारमा १८ दशमलव ९३ प्रतिशत हो ।

लोकतान्त्रिक अभ्यासमा शैक्षिक योग्यतालाई उम्मेदवारबारे न्यूनतम जानकारीअन्तर्गत राख्ने गरिन्छ । तर ठूलो संख्याका उम्मेदवारले आफ्नो शैक्षिक योग्यता खुलाएका छैनन् ।

निर्वाचन आयोगका अनुसार शैक्षिक योग्यता खुलाउनुपर्ने बाध्यात्मक व्यवस्था छैन । यसकारण ठूलो संख्याका उम्मेदवार शैक्षिक योग्यता खुलाउनुपर्ने विवरणमा केही नलेखेका हुन् ।

निर्वाचन आयोगको तथ्यांकअनुसार २ सय ५२ जना उम्मेदवारले आफ्नो विवरणमा साधारण लेखपढ उल्लेख गरेका छन् । एसएलसी उत्तीर्ण उम्मेदवारको संख्या ७ सय ३ छ भने माध्यमिक तह उत्तीर्ण ६ सय १८ जना छन् । स्नातक तह उत्तीर्ण ५ सय ६३ जना र स्नातकोत्तर तह उत्तीर्ण ३ सय २४ जना उम्मेदवार छन् । उच्च शैक्षिक तहमा पुग्ने उम्मेदवारको संख्या भने न्यून छ । एमफिल गरेका जम्मा सात जना र विद्यावारिधि (पिएचडी) गरेका ५३ जना उम्मेदवार छन् ।

प्रतिनिधि सभा सदस्यको उम्मेदवारको योग्यतासम्बन्धी व्यवस्था संविधानको धारा ८७ मा छ । जसमा शैक्षिक योग्यताबारे केही भनिएको छैन । २५ वर्ष उमेर पूरा भएको, नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको, कुनै संघीय कानुनले अयोग्य नभएको र कुनै लाभको पदमा बहाल नरहेको व्यक्ति उम्मेदवार बन्न सक्छ ।

नीति निर्माण गर्ने थलो संसद्मा पुग्ने पात्रमा शैक्षिक योग्यता चाहिन्छ कि चाहिँदैन भन्ने बहस छ । सम्बन्धित समुदायको प्रतिनिधित्वका लागि शैक्षिक योग्यता गौण हुने तर्क पनि छ । सीमान्तकृत समुदाय र पछाडि परेका वर्ग र क्षेत्रको हकमा यस कोणबाट बहस हुने गरेको छ । तर कानुन बनाउनेजस्तो पृष्ठ २ मा

# फिल्डमा निस्कियो सेना

## निर्वाचनपूर्व सुरक्षा व्यवस्था चुस्त बनाइएको दाबी



**३,३७,७८८ सुरक्षाकर्मी परिचालन**
- नेपाली सेना ७९ हजार ७२७
- नेपाल प्रहरी ७५ हजार ४७३
- सशस्त्र प्रहरी ३४ हजार ५७६
- गुप्तचर १ हजार ९२१
- निर्वाचन प्रहरी १ लाख ४६ हजार ९०

### दुष्प्रचार रोक्न एआई सफ्टवेयर

चुनावी सुरक्षाको महत्वपूर्ण चुनौतीका रूपमा रहेको साइबरमार्फत हुने गलत प्रचारप्रसारलाई न्यूनीकरण गर्न प्रहरीले एआई सफ्टवेयरको उपयोग गर्दै आएको छ । यसले सामाजिक सञ्जालमार्फत फैलिने भ्रामक सूचना पहिचान र नियन्त्रण गर्न सहयोग पुर्‍याउने निर्वाचन आयोगका प्रवक्ता सुमन घिमिरेले बताए । यो सफ्टवयेरलाई पृष्ठ २ मा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २० माघ

सरकारले फागुन २१ को प्रतिनिधि सभा निर्वाचनमा सबैभन्दा बढी चुनौतीका रूपमा हेरिएको सुरक्षा व्यवस्था पूर्णरूपमा व्यवस्थित र चुस्त बनाएको दाबी गरेको छ । एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ ले स्वीकृत गरेको कार्यविधिअनुसार मुलुकभर आज (बुधबार)बाट नेपाली सेनालाई फिल्डमा खटिँदै छ । त्यस्तै, सबै सुरक्षा अंगको समन्वय र सहकार्यमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र निर्वाचन प्रहरी परिचालन गरिँदै छ ।

निर्वाचनमा मतदान गर्ने समय एक महिना बाँकी रहँदा सुरक्षाका सबै संयन्त्र चुस्त रूपमा तयार गरिएको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए । निर्वाचनपूर्व, निर्वाचनको समय र निर्वाचनपश्चात् तीन चरणको सुरक्षा योजनाअनुसारका कार्यान्वयन भइरहेको उनको दाबी छ । 'हामीले सबै सुरक्षा अंगका प्रमुख र सरोकारवालासँग विभिन्न




चरणमा चुनावी सुरक्षाका चुनौती र रणनीतिबारे छलफल गरेर सुरक्षा योजना बनाएका छौं,' उनले मध्यान्हसँग भने, 'निर्वाचनलाई स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गराउन आवश्यक सुरक्षा व्यवस्थाका सन्दर्भमा कुनै पनि कमजोरी नहुने गरी योजना बनाएर त्यसलाई कार्यान्वयन गर्ने तहमा छौं । सोहीअनुसार आजबाटै नेपाली सेना फिल्डमा निस्कन्छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन (म्यादी) प्रहरी परिचालनको काम सम्बन्धित निकायले गरेका छन् ।'

निर्वाचनको एक महिना दिनअघिबाटै सेना परिचालन गर्ने सुरक्षा योजनाअनुसार सरकारले निर्वाचन सुरक्षार्थ ७९ हजार ७२७ फौजलाई परिचालन गर्ने निर्णय भएको छ । एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ ले स्वीकृत गरेको कार्यविधिअनुसार फिल्डमा खटिने सेनाका सूचना अधिकारी सहायक रथी राजाराम बस्नेतले बताए । 'निर्वाचन हुनभन्दा एक महिनाअघिबाटै परिचालन गर्ने म्यान्डेटअनुसार सेना २१ माघदेखि फिल्डमा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# 'फ्रि भिसा फ्रि टिकट'को व्यवस्था खारेज गर्नुपर्छ : श्रममन्त्री भण्डारी



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले वैदेशिक रोजगारीलाई श्रमिकमैत्री बनाउन 'फ्रि भिसा फ्रि टिकट'को व्यवस्था खारेज गर्नुपर्ने बताएका छन् । मंगलबार सिंहदरबारस्थित श्रम मन्त्रालयमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले यस्तो बताएका हुन् । 'फ्रि भिसा फ्रि टिकट' कार्यान्वयनको एक दशक लामो असफलतापछि श्रममन्त्रीस्तरबाट सार्वजनिक रूपमा स्वीकारोक्ती आएको हो ।

वैदेशिक रोजगारमा जाने कामदारको हित संरक्षण गर्ने भन्दै सरकारले २०७२ जेठ २६ गतेदेखि मलेसिया, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन र ओमान गरी सात मुलुकमा रोजगारीका लागि जाने कामदारहरूलाई निःशुल्क भिसा तथा टिकटको व्यवस्था अवलम्बन गरेको छ ।

श्रममन्त्री भण्डारीले एक महिनाभित्र वैदेशिक रोजगारीको क्षेत्रमा रहेका सबै सिन्डिकेटहरू तोड्ने दाबी पनि गर्दै श्रमिकलाई ट्र्यापमा पार्ने खालका सबै प्रकारका कार्यविधि खारेज गर्दै आवश्यक नीतिगत सुधार गरिने बताए । वैदेशिक रोजगार व्यवसायीहहरूले सुरुवातदेखि नै 'फ्रि भिसा फ्रि टिकट'को व्यवस्था प्रति असहमति जनाउँदै कार्यान्वयन गर्न नसकिने बताउँदै आएका छन् ।

पछिल्लोपटक करिब तीन हप्ताअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघले खाडी र मलेसियामा वैदेशिक रोजगारीका लागि जाने कामदारको न्यूनतम लागत १ लाख १४ हजार हाराहारीमा रहेको विवरण प्रस्तुत गर्दै फ्रि भिसा फ्रि टिकटको निर्णय पुनरावलोकनको लिखित माग गरेको थियो ।

श्रम मन्त्रालयमा आयोजित अन्तरक्रियामा संघको तर्फबाट महासचिव महेशकुमार बस्नेतले कार्यपत्र प्रस्तुत गर्दै फ्रि भिसा फ्रि टिकटको निर्णय अव्यवहारिक रहेकाले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई थप सुरक्षित बनाउन फ्रि भिसा फ्रि टिकटको अव्यवहारिक निर्णय खारेज र अन्य नीतिगत सुधार गर्नुपर्ने बताएका थिए ।

नीतिगत रूपमा प्रविधिमैत्री श्रम बजार, लागत निर्धारण र मागपत्र प्रमाणीकरणका माध्यमबाट सुधार गर्नुपर्ने भन्दै संघले विशेषगरी सस्तो लोकप्रियताका लागि अव्यवहारिक रूपमा लागू गरिएको फ्रि भिसा फ्रि टिकटको निर्णय परिवर्तन गरी नेपाल सरकारको मौन्द्रिक नीति र श्रम नीतिमा रहेको विरोधाभास पनि हटाउनुपर्ने सुझाव दिएको छ ।

संघले २०६० वैशाख २४ गते मलेसियाका लागि ८० हजार र खाडी मुलुकहरूका लागि ७० हजार लागत तोकिएको अवस्थामा २०७२ जेठ २६ गते फ्रि पृष्ठ २ मा

# ग्यास अभावले आत्तिए उपभोक्ता

## नाकाबन्दीमा जस्तै नाम टिपाउँदै

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं २० माघ

बजारमा ग्यासको आपूर्ति सहज नहुँदा खाना पकाउने ग्यासको अभावले काठमाडौंमा उपभोक्ता आत्तिएका छन् । एक महिनादेखि सुरु भएको ग्यास अभाव सहज हुने भन्दा झनै संकटको अवस्थामा पुगेको छ । ग्यास नपाउँदा उपभोक्ताहरू नाकाबन्दीको समयमा जस्तै सधैं ग्यास लिने डिलरमा पुगेर नाम टिपाइरहेका छन् ।

काठमाडौं म्हेपीकी शर्मिला थापा नेपाल ग्यास डिलर धाएको १५ दिनसम्म ग्यास नपाएको बताउँछिन् । 'केही दिनमा आउँछ भनेकै १५ दिन बित्यो अझै ग्यास पाइएको छैन । अहिले नाम त टिपाइको छ कहिले पालो आउने हो थाहा छैन,' उनले भनिन्, 'अहिले ग्यासको कहिले आउँछ दाइ ? भन्दा पसलले कहिले हो कहिले भन्ने जवाफ दिन्छन् ।'

अहिले हरेक कम्पनीको ग्यास सहज रूपमा पाइँदैन । ग्यासको माग र आपूर्तिबीचको सन्तुलन बिग्रिँदा उपभोक्तालाई ग्यासको अभावको सामना गरिरहेका छन् । ग्यासको अभावले उपभोक्ताको दैनिक नै ग्यास खोज्नेजस्तो भइरहेको चावहिलका



प्रकाश तामाङ बताउँछन् । 'सधैं लिने पसलमा जाँदा ग्यास नै आएको छैन भन्छन् । नजिकका कुनै पनि ग्यास पसलमा ग्यास छैन । अहिले ग्यास बेच्ने पसलमा ग्यास नहुँदा सटर नै बन्द गरेर बसेका छन् ।' उनी भन्छन् 'ग्यासको चरम अभाव हुँदासमेत कसैलाई चासो छैन । सबैलाई चुनाव मात्र लागेको छ । जनताको समस्याप्रति कसैलाई मतलव छैन ।'

ग्यास डिलर गर्ने व्यवसायी पनि केही साता अघिदेखि नै ग्यासको लोड नै कम भएको बताउँछन् । माग धेरै छ कम्पनीबाट ग्यास आउन सकिरहेको छैन । कम्पनीले पर्याप्त ग्यास बढाउन नसक्दा अभाव बढेको ग्यास विक्रेता महासंघका कोषाध्यक्ष श्रीहरि ढकाल स्वीकार गर्छन् । उनले भने, 'अहिले बजारमा ग्यास नै आएको छैन । सबै कम्पनीको ग्यासको अभाव छ । डिलरहरूमा उपभोक्ताको चाप अत्यधिक छ । ग्यासको लिने आउने धेरै हुँदा पसल नै खोल्न असहज भइरहेको छ ।'

काठमाडौंमा नाकाबन्दीपछि घरमा दुईवटाभन्दा धेरै ग्यास प्रत्येकले राखेका छन् । अहिले ग्यासको अभावको पृष्ठ २ मा

**युएईमा वैदेशिक रोजगारीको सुवर्ण अवसर**
कम्पनी : ABU DHABI BERKELEY SERVICES LLC — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/१०/२० — चलानी नं.: ६०२५१६९१ — L.T. No.: 338251

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Helper | 35 | 15 | स. काममा दक्ष | 1000 | ३९,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २८ गते (11 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NextGen Global Placement Pvt. Ltd.
Tokha- 07, Samakhusi, Kathmandu, Nepal.
Tel No : 014972172, Mob : 9851019844, 9851210354, 9851361620
Email : nextgenglobalplacement@gmail.com,
Website : www.nextgenplacement.com
Gov Lic. No. 1771/081/082
@globalwithnextgen

**VACANCY ANNOUNCEMENT**
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा इच्छुक व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
WE'RE HIRING
Receptionist - 1 (Female)
Documentation Officer - 2 (Male/Female)
Public Relation Officer - 2 (Male/Female)
तलब आपसी समझदारीमा तय गरिनेछ ।
- म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भई अंग्रेजी राम्रो सँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- कम्प्युटर राम्रो सँग चलाउन जानेको हुनुपर्नेछ ।

इच्छुक व्यक्तिले आफ्नो बायोडाटा Email : baibhav.ovs@gmail.com मा इमेल गर्नुहोला ।
बैभव ओभरसिज प्रा. लि.
श्रम ईजाजत नं.: ३७३/०७९/८०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा)
फोन : ०१-४१०६२६४, ४१०६२६५, ९८०३७६४७८८
Email :md@baibhavovs.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२१ माघ २०८२ बुधबार
4 February 2026 Wednesday

# कांग्रेस–एमाले प्रतिस्पर्धामा मिसिए नेकपा–रास्वपा

चुनावी विश्लेषण
ओखलढुंगा






**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २० माघ

विगतका निर्वाचनमा कांग्रेस-एमालेबीच मुख्य प्रतिस्पर्धा हुँदै आएको ओखलढुंगामा यसपटक नेकपा र रास्वपाका उम्मेदवार पनि थपिएका छन्। जसका कारण पूर्वी पहाडी यस जिल्लाको चुनावी प्रतिस्पर्धा चार पक्षीय हुने देखिएको छ।

२१ फागुनमा हुने प्रतिनिधि सभा निर्वाचनका लागि १३ राजनीतिक दल र दुई स्वतन्त्र गरी १५ उम्मेदवार चुनावी मैदानमा छन्। २०४८ यताका तीन चुनावमा नेपाली कांग्रेसले जित्दै आएको ओखलढुंगा २०६४ को पहिलो संविधान सभा निर्वाचनमा नेकपा माओवादीले दुवै सिट जितेको थियो। २०७० मा कांग्रेस-एमालेले एक/एक सिट बाँड्दा क्षेत्र नम्बर १ मा एमालेका यज्ञराज सुनुवार र २ मा कांग्रेसका रामहरि खतिवडाले जित हासिल गरेका थिए। संविधान जारी भएपछि एउटा निर्वाचन क्षेत्रमा खुम्चिएको ओखलढुंगामा २०७४ मा कांग्रेसका रामहरि खतिवडालाई हराउँदै एमालेका यज्ञराज सुनुवार दोहोरिए। त्यसको बदला खतिवडाले २०७९ को चुनावमा साढे ६ हजार मतान्तरले जितेर लिए। खतिवडा ३३ हजार ५ सय ५६ मतसहित निर्वाचित हुँदा उनका निकटतम प्रतिस्पर्धी एमालेका सुनुवारले २६ हजार ७ सय ३८ मत ल्याएका थिए। त्यतिबेला कांग्रेस-माओवादी केन्द्रसहितको गठबन्धनका कारण खतिवडालाई सहज भएको थियो। लोकप्रिय मतमा भने एमाले अगाडि थियो। समानुपातिकतर्फ एमालेले २५ हजार २ सय ४५ मत ल्याउँदा कांग्रेसले २३ हजार ९ सय ९९, माओवादी केन्द्रले ७ हजार १ सय ७२ र रास्वपाले २ हजार ४ सय १८ मत ल्याएका थिए।

पालैपालो जित्दै आएका कांग्रेस र एमालेलाई यसपटक भने त्यति सजिलो देखिँदैन। यी दुई दलमा आएको विवाद र रास्वपा तथा नेकपाका उम्मेदवारले ल्याएको तरंगले चुनावी नतिजा प्रभावित पार्न सक्ने देखिएको छ। विगतमा आलोपालो जित्दै आएका कांग्रेसका खतिवडा र एमालेका सुनुवार दुवै यसपटक चुनावी मैदानमा छैनन्। यद्यपि आफ्नो दलका उम्मेदवारलाई जिताउनुपर्ने चुनौती भने उनीहरूलाई देखिन्छ।

कांग्रेसले कुमार लुईंटेल, एमालेले अस्मिता थापा, रास्वपामा विश्वराज पोखरेल र नेकपाका अम्बिरबाबु गुरुङ चुनावी मैदानमा छन्। लुईंटेल पहिलोपटक जनप्रतिनिधिका लागि चुनाव लड्दै छन्। एमालेकी थापाले लिखु गाउँपालिका उपाध्यक्षबाट राजीनामा दिएर प्रतिनिधि सभा ताकेकी छन् भने उनले टिकट पाएपछि नेकपामा प्रवेश गरेर गुरुङ उम्मेदवार बनेका छन्। गुरुङ २०७४ को निर्वाचन एमालेबाट ओखलढुंगा क्षेत्र 'क'बाट प्रदेश सभा सदस्य हुँदै भौतिक मन्त्रीसमेत भएका थिए। रास्वपाका उम्मेदवार विश्वराज भने नेपाल प्रहरीको पूर्वएआइजी हुन्। चारै जना उम्मेदवार प्रतिनिधि सभा सदस्यमा उठेका नयाँ अनुहार हुन्।

यसअघि प्रायः दुई पक्षीय चुनावी प्रतिस्पर्धा हुँदै आएमा यसपटक चार पक्षीय प्रतिस्पर्धा देखिएको ओखलढुंगाको राजनीतिक वृत्तमा चर्चा भइरहेको छ। 'कांग्रेस-एमालेको पुरानै प्रतिस्पर्धा छँदै छ,' पूर्वगाविस अध्यक्ष शंकर कटवालले भने, 'रास्वपा र नेकपाका तर्फबाट पनि राम्रै उम्मेदवार मैदानमा देखिएका छन्।' पछिल्लोपटक रास्वपाको हावा र एमालेकै जिल्लास्तरीय नेताहरूसहित कोशी प्रदेशका पूर्वमन्त्री नेकपामा गएर उम्मेदवार बनेपछि निर्वाचन थप रोचक बन्दै गएको उनी बताउँछन्। तर मुख्य प्रतिस्पर्धा कांग्रेस-एमालेकै हुने उनको विश्लेषण छ।

१ लाख २२ हजार ७ सय १५ मतदाता रहेको ओखलढुंगामा ५९ हजार ८ सय ७१ महिला छन्। अघिल्लो निर्वाचनमा जिल्लामा १ लाख १८ हजार ३ सय ७६ जना मतदाता रहेकोमा यसपटक १ हजार ३ सय ३९ नयाँ मतदाता थपिएका थिए। यो निर्वाचनमा कम्तीमा ७०/७५ हजार मत खस्ने र चुनाव जित्न कम्तीमा २० हजारमाथि मत कटाउनुपर्ने अनुमान गरिएको छ।

कांग्रेसका उम्मेदवार लुईंटेल पार्टी सभापति गगन थापानिकट मानिन्छन्। उनी कोशी प्रदेश समितिका सदस्य हुन्। विशेष महाधिवेशनबाट पार्टीमा नयाँ नेतृत्व स्थापित भएपछि कांग्रेसमा फेरिएको समीकरणसँगै पूर्वसांसद एवं पूर्वकेन्द्रीय सदस्य रामहरि खतिवडाले टिकट पाएनन्। खतिवडाको मन खुम्चियो भने लुईंटेलको मतमा ह्रास आउने ओखलढुंगा कांग्रेसका नेताहरूको विश्लेषण छ। खतिवडा र पूर्वकेन्द्रीय सदस्य तथा कोशी प्रदेशका भौतिक पूर्वाधारमन्त्री प्रदीप कुमार सुनुवारले राम्रोसँग सहयोग गर्दा लुईंटेलको जितलाई कसैले रोक्न नसक्ने नेताहरूको दाबी छ। उम्मेदवार लुईंटेल पनि आफू जित्नेमा कुनै शंका नरहेको दाबी गर्छन्। 'पार्टीले निर्णय नगर्दासम्म टिकटको प्रतिस्पर्धामा मसहित नेताहरू पनि हुनुहुन्थ्यो,' उनले भने, 'पार्टीले निर्णय गरेर टिकट दिइसकेपछि हामी एकमतका साथ चुनावमा होमिएका छौं।'

पूर्वएमाले नेता गुरुङ जिल्ला पदाधिकार ीसहित नेकपामा प्रवेश गरेसँगै आफ्ना केही मत तान्ने एमालेका नेता कार्यकर्ताहरूको चिन्ता छ। उनीसँगै २९ जना जिल्लास्तरीय नेताले पार्टी छाडेपछि एमालेलाई धक्का लाग्न सक्ने आँकलन गरिएको छ। यद्यपि सांगठनिक रूपमा जरैसम्म पुगेको एमाले केही नेताको बहिर्गमनलाई स्वाभाविक रूपमा लिँदै चुनावी नतिजामा फरक नपर्ने एमाले नेताहरू बताउँछन्। एमाले उम्मेदवार थापा केही मानिसले पार्टी छाड्दैमा आमकार्यकर्ता र मतदाताले एमाले नछाड्ने दाबी गरिन्। लिखु गाउँपालिकाको उपाध्यक्ष छाडेर प्रतिनिधि सभा सदस्यको प्रत्यासी बनेकी थापालाई एमालेले जेनजी उम्मेदवारका रूपमा अघि सारेको एमालेका केन्द्रीय सदस्य यज्ञराज सुनुवारले बताए।

नेकपा उम्मेदवार गुरुङ आफू प्रदेशमन्त्री भएर जिल्लाको विकासमा महत्त्वपूर्ण योगदान गरेकाले मतदाताको पहिलो रोजाइमा पर्ने दाबी गर्छन्। 'प्रदेशमन्त्री भएका बेला जिल्लामा मैले गरेको विकास र समृद्धिको योजना ठुलो छ,' उनले भने, 'ती योजनालाई अब संघीय संसदमा पुगेर पुरा गर्नकै लागि मैले उम्मेदवारी दिएको हुँ।'

अर्का, प्रतिस्पर्धी रास्वपाका उम्मेदवार विश्वराज पोखरेल नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक (एआइजी) हुन्। रास्वपाको माहोल देशभरि नै बढ्दै गएका बेला पोखरेल पनि जिल्लाका मतदाताबीच लोकप्रिय बन्दै गएका छन्। उनी मंसिर १२ गते रास्वपा प्रवेश गरेर १३ गतेदेखि ओखलढुंगामै छन्। 'ओखलढुंगाका जनता परिवर्तनका पक्षमा लागेर मत बदल्ने योजनामा छन्,' उनले भने, 'मतदाताहरू आफैं पुरानालाई पटकपटक मत दियौं, अब नयाँलाई एकपटक हेर्ने र अवसर दिने भनिरहेका छन्। यसपटक म जित्नेमा ढुक्क छु।' विगतको मत परिणामका आधारमा पुराना पार्टीबाट उम्मेदवार बनेका थापा र लुईंटेलबीच मुख्य प्रतिस्पर्धा हुने दुई पार्टीका नेताकार्यकर्ताको भित्री विश्लेषण रहे पनि देशैभरि उदाउँदै आएको रास्वपा र नयाँ मतदाताको रुझानले ओखलढुंगाको नतिजा पनि प्रभावित हुन सक्ने आँकलन छ। प्रतिस्पर्धी मानिएका यी चार उम्मेदवारबाहेक जिल्लाबाट श्रम संस्कृति पार्टीबाट डा. उद्धवकुमार राई, उज्यालो नेपाल पार्टीबाट जेनजी अगुवा किशोरी कार्की, राप्रपा नेपालबाट डिकप्रसाद बास्तोला, जनता समाजवादी पार्टीबाट नेत्रबहादुर नेम्वाङ, मंगोल नेसन अर्गनाइजेसनबाट बजेन्द्र वाम्बुले राई, मितेरी पार्टी नेपालबाट कुमारबहादुर तामाङ तथा स्वतन्त्र विक्रम दाहाल पनि प्रतिस्पर्धामा छन्। रास्वपाका जिल्ला नेतासमेत रहेका दाहाल टिकट नपाएपछि पार्टीबाट अपमान भएको भन्दै स्वतन्त्र उम्मेदवार बनेका हुन्।

**६४५ उम्मेदवार...**

गम्भीर विषयमा कम पढेका व्यक्ति पुग्दा प्रभावकारी काम हुन नसक्ने मतसमेत प्रकट हुने गरेको छ। किनभने नीति निर्माण, कानुन संशोधन र राज्य सञ्चालनका जटिल विषयमा निर्णय गर्ने जिम्मेवारी वहन गर्ने प्रतिनिधिको बौद्धिकस्तर मापन गर्ने एउटा आधार शैक्षिक योग्यता हो। शिक्षा, अर्थतन्त्र, स्वास्थ्य, प्रविधि र अन्तर्राष्ट्रिय सम्बन्धजस्ता विषयमा संसदको भूमिका बढ्दै गएको सन्दर्भमा सांसदको शैक्षिक पृष्ठभूमि महत्वपूर्ण हुने गर्दछ। तथापि शैक्षिक योग्यता खुलाउनुपर्ने विषय कानुननः बाध्यात्मक छैन।

कानुन तहः बाध्यात्मक नभए तापनि उम्मेदवारले व्यक्तिगत विवरण लुकाउनु भने नैतिक प्रश्न विपरीत हो। औपचारिक शिक्षा कम लिए तापनि अनौपचारिक माध्यमबाट व्यक्तिले ज्ञान हासिल गरेको हुन सक्छ। यो विषय प्रतिनिधि बन्न तयार भएकाले झन् ढुक्कले भन्न सक्नुपर्छ। किनभने लोकतन्त्रमा चुनाव केवल संख्या गन्ने प्रक्रिया होइन, सचेत छनोटको अभ्यास हो। यसकारण उम्मेदवारको न्यूनतम विवरण स्पष्ट र अनिवार्य रूपमा सार्वजनिक हुनुपर्छ।

**फिल्डमा...**

खटिन तयारी अवस्थामा सेना रहेको छ,' उनले भने। हाल सशस्त्र प्रहरीले सुरक्षा गरिरहेको सार्वजनिक भवन, कारागार तथा अन्य स्थानमा पनि सेनाले सुरक्षा दिने तयारी छ।

एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ अनुसार निर्वाचनमा चारै सुरक्षा निकाय र निर्वाचन प्रहरी गरी ३ लाख ३७ हजार ७ सय ८८ सुरक्षाकर्मी परिचालन हुने गृह मन्त्रालयले जनाएको छ। जसमा ७९ हजार ७ सय २७ नेपाली सेना, ७५ हजार ४ सय ७३ जना नेपाल प्रहरी, ३४ हजार ५ सय ७६ सशस्त्र प्रहरी र १ हजार ९ सय २१ गुप्तचर पनि निर्वाचन सुरक्षामा खटिनेछन्। नेपाल प्रहरी मातहत रहने गरी १ लाख ३० हजार ९ सय ८० जना र सशस्त्र प्रहरी मातहत रहने गरी १५ हजार १ सय १० निर्वाचन प्रहरी परिचालन हुनेछन्। उनीहरूको तालिम सुरु भइसकेको छ। निर्वाचनका लागि पहिलो सुरक्षा घेरामा नेपाल प्रहरी र प्रहरीको सहयोगीका रूपमा निर्वाचन प्रहरी खटिनेछन्। त्यस्तै, दोस्रो घेरामा सशस्त्र प्रहरी र बाहिर सुरक्षा घेरामा नेपाली सेनालाई जिम्मेवारी दिइएको छ।

देशभर ३ हजार ६ सय ८० अति संवेदनशीलसहित २३ हजार १ सय १२ मतदान केन्द्र छन्। ती मतदान केन्द्रमा नेपाल प्रहरीले भित्री घेराको सुरक्षा गर्ने नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डिआइजी अबिनारायण काफ्लेले बताए। एक मतदान स्थलमा कम्तीमा आठ जनादेखि ८० जनासम्म सुरक्षाकर्मी खटिने उनको भनाइ छ। 'हामी अहिले पूर्वनिर्वाचन सुरक्षाको चरणमा छौं,' उनले भने, 'अहिले नेपाल प्रहरीका कर्मचारी र साइबर प्रहरीलाई निर्वाचन सुरक्षासम्बन्धी अनुशिक्षण दिइसकेको छ। प्रहरी प्रधान कार्यालय, प्रदेश प्रहरी कार्यालयसहित देशभर ९३ वटा निर्वाचन सेल गठन गरेका छौं,' काफ्लेले मध्यान्हसँग भने। निर्वाचनको पूर्वसन्ध्यामा विशेष निर्वाचन सुरक्षा केन्द्रित अभियान चलाएको काफ्लेले बताए। 'यसबाट फरार कैदीबन्दी पक्राउ गर्ने र लुटिएका हतियार बरामद गर्ने काम निरन्तर भइरहेको छ,' काफ्लेले भने, 'सीमा क्षेत्रमा विशेष निगरानी गर्ने, विस्फोटक पदार्थ भित्रिन नदिन साथै उम्मेदवारको सुरक्षा व्यवस्थाका लागि चुस्त व्यवस्थापन बनाएको उनको दाबी छ।

निर्वाचन सुरक्षार्थ आवश्यक सवारी, इन्धनलगायतका काममा सरकारले रकमको अभाव हुन नदिन बजेट निकासा गरिसकेको गृह मन्त्रालयले जनाएको छ। जसका लागि नेपाल प्रहरीलाई १ अर्ब ५४ करोड ३३ लाख ९८ हजार ७ सय ५० बजेट अर्थ मन्त्रालयले स्वीकृत गरेको थियो। त्यस्तै, सशस्त्र प्रहरीलाई ६५ करोड २५ लाख ३४ हजार र गुप्तचरलाई ५ करोड ६५ लाख सुनिश्चित गरेर आवश्यक व्यवस्थापनको काम गर्दै आएको छ। निर्वाचन प्रहरी (म्यादी)का लागि नेपाल प्रहरीलाई ७ अर्ब १३ करोड २५ लाख ८९ हजार र सशस्त्र प्रहरी मातहत रहने निर्वाचन प्रहरीका लागि ८० करोड ८४ लाख ५३ हजार रुपैयाँ छुट्याइएको छ।

**दुष्प्रचार ...**

'ई-मोनिटर प्लस' नाम दिइएको छ,' उनले भने, 'यसले मिसइन्सफरमेसन, फेक इन्फरमेसन, डिपफेकलगायत पहिचान गर्नेछ।'

उक्त सफ्टवेयरले भिडियो मनिटर नगर्ने तर शब्द र तस्बिर भने मनिटर गर्ने घिमिरेले बताए। सफ्टवेयरले दिएको संकेतका आधारमा गलत तथा भ्रामक प्रचारको पहिचान गरेर कारबाहीको दायरामा ल्याइने बताइएको छ। यो सफ्टवेयर हेर्न छुट्टै इकाइ गठन गरी निर्वाचन आयोगमा राखिएको छ। साइबर ब्युरोका डिएसपी, नेपाली सेनाको टोलीदेखि विज्ञापन बोर्डसमेतका प्रतिनिधिसमेत रहनेगरी सफ्टवेयर मनिटरको व्यवस्थापन गरिएको निर्वाचन आयोगले जनाएको छ।

**ग्यास...**

हल्लाको कारण खाली भएको ग्यास एकैपटक भरेर राख्दासमेत समस्या देखिएको व्यवसायी बताउँछन्।

नेपाल आयल निगमअन्तर्गत एलपी ग्यास तथा एभिएसन विभागका निर्देशक विनितमणि उपाध्यायले ग्यासको अभाव गुनासो पछिल्लो दुई सातायता आइरहेको बताउँछन्। यसमा निगमले गम्भीरताका साथ लिएको भन्दै वाणिज्य विभागको सहकार्यमा अनुगमन सुरु गरिएको बताए। निगमले ग्यासको आयातको कोटासमेत बढाइसकेको भन्दै अहिले देखिएको समस्या हट्ने दाबी गरे।

**फ्रि भिसा...**

भिसा फ्रि टिकटको निर्णय लागू गरी सेवा शुल्क १० हजार तोकिएपश्चात नेपालको वैदेशिक रोजगार क्षेत्रमा विकृतिको सुरुवात भएको दाबी गर्दै आएको छ। व्यवसायीहरूले मुलतः भारत, बंगलादेश, पाकिस्तान र श्रीलंकाको अभ्यासलाई ध्यानमा राखेर लागत निर्धारण गर्दा श्रमिकहरूको खर्च नियन्त्रण तथा पारदर्शी हुने, खर्चअनुसारको बिल भरपाई प्राप्त हुँदा लगानी सुरक्षित, बैंकिङ प्रणालीबाट कारोबार र बिचौलियाको अन्त्य हुने भन्दै सरकार, व्यवसायी र श्रमिक तीनवटै पक्षलाई फाइदा पुग्ने धारणा राख्दै आएका छन्।

मन्त्री भण्डारीले पनि वैदेशिक रोजगारीसँग जोडिएको फ्रि भिसा फ्रि टिकटको व्यवस्था समस्याको रूपमा देखापरेको उल्लेख गरे। बाहिरबाट हेर्दा राम्रो देखिए पनि फ्रि भिसा फ्रि टिकटको व्यवस्थाले राजस्व चुहावट, कर छली र संगठित अपराधलाई बढावा दिएको मन्त्री भण्डारीको दाबी छ।

उनले भने, 'हामी श्रमिकमैत्री नबनेकै हो। आत्मसमीक्षा गरौं। अब हामीले वैदेशिक रोजगार ऐनअन्तर्गतको नियमावलीको नियम ५२ (३) मा कार्यविधि बनेको छ। त्यसमा कार्यविधिको प्रयोग गरेर यस क्षेत्रमा देखिएका समस्या तथा बाधा अड्चनहरू फुकाउन सकिनेछ भनिएको छ। अन्तरिम सरकारको कार्यकालमै वैदेशिक रोजगारसँग सम्बन्धित कार्यविधि संशोधन गर्नका लागि समिति बनेको छ। समितिले स्टेकहोल्डरहरूसँग आवश्यक सुझाव लिएर काम गरिरहेको छ। वैदेशिक रोजगारसँग जोडिएको फ्रि भिसा फ्रि टिकटको विषय पनि समस्याको रूपमा देखिएको छ। हेर्दा सुन्दा राम्रो लागेपनि त्यसले राजस्व चुहावटदेखि लिएर कर छली र संगठित अपराधहरू यसको माध्यमबाट भइरहेका छन्। त्यसकारण यस्ता प्रकारका पपुलिष्ट मुद्दालाई लिएर कहिलेसम्म हामी गुमराहमा पर्ने ? त्यसकारण यसलाई खारेज गरौं।'

मन्त्री भण्डारीले वैदेशिक रोजगारसम्बन्धी कार्यविधि संशोधनका लागि समिति गठन भइसकेको जानकारी दिँदै समितिले सरोकारवालासँग सुझाव संकलन गरेर काम गरिरहेको बताए।

**मानेभन्ज्याङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मानेभन्ज्याङ, ओखलढुङ्गा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति २०८२/१०/२१

यस कार्यालयको मिति २०८२/०९/०९ गते Manebhanjyang Gaupalika Hitti-Raghavpur-Koltar-Bhalukhola-Kumling Sadak Nirman Tatha Staronnati 82/83 कार्यको लागि सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-Bidding मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये सबैभन्दा न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिलको बोलपत्र स्वीकृतीका लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना जारी गरिएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | MRM/NCB/8RCW/06/082/83 | श्री भरोसा कन्स्ट्रक्सन प्रा.लि., सिद्धिचरण-११, ओखलढुंगा | ३,२९८,१४०।०० |

मानेभञ्याङ गाउँपालिकाको कार्यालय
मानेभञ्याङ, ओखलढुङ्गा

# बैतडीमा विद्यालयमै भोट माग्न थाले उम्मेदवार, विद्यार्थी आन्दोलित




**ललित बोहरा/मध्यान्ह**
बैतडी, २० माघ

आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै बैतडीका विभिन्न राजनीतिक दलका उम्मेदवारहरूले विद्यालयका कार्यक्रमहरूमा भोट माग्न थालेपछि विद्यार्थीहरू आन्दोलित भएका छन्।

बैतडीका विद्यालयहरूले आयोजना गरेका वार्षिक उत्सव तथा कार्यक्रममा राजनीतिक दलका उम्मेदवार तथा नेताहरूले सहभागी भइ मतदातासँग भोटको अपिल गर्न थालेपछि विवाद चर्किएको हो। विद्यालयलाई राजनीति गर्ने थलो बनाइएको भन्दै विद्यार्थीहरूले आपत्ति जनाएका छन्।

आइतबार डिलाशैनी गाउँपालिका-७ धामी गाउँस्थित एक विद्यालयमा आयोजित तेस्रो वार्षिक उत्सव कार्यक्रममा एमालेबाट संघीय सांसदका उम्मेदवार दामोदर भण्डारी सहभागी भएका थिए। सो कार्यक्रममा एमाले बैतडीका निवर्तमान अध्यक्ष तथा सुदूरपश्चिम प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्री सुरेन्द्र पाल, एमाले केन्द्रीय सदस्य गोविन्द गिरीलगायतका नेताहरूको समेत उपस्थिति रहेको थियो।

कार्यक्रममा राजनीतिक एजेन्डा प्रस्तुत गरिएपछि शिक्षा केन्द्र अमर माध्यमिक विद्यालयमा तनाव उत्पन्न भएको छ। विद्यार्थीहरूले विद्यालय परिसरमा राजनीतिक गतिविधि गरिएको भन्दै तालाबन्दी गरेको आरोप लगाएका छन्। उनीहरूको भनाइमा वार्षिक उत्सवको दिन विद्यार्थीको प्रतिभा प्रदर्शनभन्दा नेताहरूलाई बढी समय दिइएको थियो।

डिलाशैनी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत छैठौंमहादेव भट्टले विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार कार्यक्रम सञ्चालन हुने भएकाले गाउँपालिकाले तत्काल हस्तक्षेप गर्न नसक्ने बताए। तर विद्यालयले गल्ती गरेको भन्दै जिल्ला प्रशासन कार्यालयबाट पत्र आएमा रोक्न सकिने उनको भनाइ छ। यता विद्यालयका प्रधानाध्यापक प्रमानन्द भट्टले तालाबन्दी नभएको दाबी गर्दै सामान्य छलफल मात्र भएको बताएका छन्। थप प्रश्नको जवाफ नदिँदै उनले फोन काटेका थिए। जिल्ला प्रहरी कार्यालय बैतडीका अनुसार विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम गर्न नपाएको विषयमा विवाद भएको बुझिएको छ। प्रहरी टोली विद्यालय पुगे पनि तालाबन्दीबारे स्पष्ट जानकारी नआएको प्रहरीले जनाएको छ।

विद्यालय व्यवस्थापन समिति सदस्य जनक बहादुर धामीले तालाबन्दी आफूले तोडेको आरोप लागेको बताएका छन्। गाउँपालिका अध्यक्ष सन्तोष जोशीका अनुसार दिउँसो तालाबन्दी भएपनि पछि खुलाइएको थियो।

**हेलम्बु गाउँपालिका**
ༀ། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །
**गाउँ कार्यपालिकाको कार्यालय**
**हेलम्बु, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र पुनः आह्वान सम्बन्धी सूचना**

**सूचना प्रकाशित मितिः २०८२/१०/२१**

यस हेलम्बु गाँउपालिकाको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएको ठेक्काको लागि इच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मार्फत् तोकिएको समयभित्र रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना पुनः प्रकाशन गरिएको छ।

**तपसिल**

| S.N. | IFB No. | Description of works | Bid Security Amount (NRs.) | Price of Bid Document | Estimate cost including PS but without VAT & Contingencies (NRs.) | Submission Deadline | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|---|---|
| 1 | 05-07-082-83-SQW HRM-Re | Upgradation of Ichwok Health post, Helambu (Renotice) | 40,000.00/- | 1000.00/- | 13,25,266.87/- | 2082-11-08 12:00 Hrs. | 45 |

**नोट :**
सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीका लागि हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# निर्वाचनमा विशेष सजगता अपनाउनु : आयोग

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, २० माघ



विगतका विभिन्न निर्वाचनहरूको अनुगमनबाट प्राप्त निष्कर्षका आधारमा यसपटकको निर्वाचनमा विशेष सजगता अपनाउन राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले आग्रह गरेका छन् । आयोगले आगामी निर्वाचनलाई निष्पक्ष, भयरहित र मानव अधिकारमैत्री बनाउन सरकार, निर्वाचन आयोग, राजनीतिक दल तथा सञ्चार क्षेत्रले सजग हुनुपर्ने मंगलबार आयोजित निर्वाचनमा मानव अधिकार र सञ्चारकर्मीको भूमिका विषयक छलफल कार्यक्रममा उक्त धारणा राखेका हुन् ।

आयोगले नेपालको संविधानको धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ बमोजिम निर्वाचनका तीनै चरण (निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात) मा मानव अधिकारको अवस्था अनुगमन गर्ने कार्यदेश पाएको अध्यक्ष मगरले जानकारी दिए । त्यसअनुसार आयोगले आगामी फागुन २१ मा हुने तय गरिएको प्रतिनिधि सभा सदस्य निर्वाचनको अनुगमनको तयारी स्वरुप १२ सदस्यीय टास्फोर्स गठन गरी परिचालन समेत गरिरहेको आयोगका सचिव मुरारीप्रसाद खरेलले जानकारी दिए ।

आयोगले सरकारलाई निर्वाचनको समयमा हुने मानव अधिकार उल्लंघनका घटनामा संलग्नलाई कानुनी कारबाही गर्न र पीडित परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्नेमा जोड दिएको उनले बताए । यस्तै, विद्यालय र अस्पतालजस्ता संवेदनशील क्षेत्रमा मतदान केन्द्र नराखी वैकल्पिक स्थानको खोजी गर्न, र अपाङ्गतामैत्री मतदान केन्द्र निर्माण गर्न पनि जोड दिएको छ। निर्वाचन प्रक्रियालाई मितव्ययी र प्रविधिमैत्री बनाउन 'विद्युतीय मतदान प्रणाली' अवलम्बन गर्न र वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूको मताधिकार सुनिश्चित गर्न आवश्यक कानुनी व्यवस्था मिलाउन आयोगले निर्वाचन आयोगलाई सुझाव दिएको समेत जनाएको छ ।

साथै, कैदीबन्दी तथा लामो समय अस्पतालमा रहेका बिरामीहरूको समेत मताधिकार सुनिश्चित गर्न नामावली संकलन गर्न भनिएको समेत आयोगले स्मरण गरेको छ ।

राजनीतिक दलहरूलाई प्रत्यक्षतर्फको उम्मेदवार चयन गर्दा संविधानको मर्म अनुसार महिला तथा विभिन्न लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व गराउन आग्रह गरेको छ। निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रत्यक्ष वा परोक्ष प्रयोग पूर्ण रूपमा रोक्न र घृणात्मक अभिव्यक्ति नदिन समेत सचेत गराइए आयोगलका सहसचिव यज्ञप्रसाद अधिकारी बताए । सञ्चार माध्यमलाई 'राज्यको चौथो अंग' को रूपमा परिभाषित गर्दै आयोगले मतदाता शिक्षालाई प्राथमिकता दिन र कुनै पनि दल वा उम्मेदवारको पक्षपोषण नगरी निष्पक्ष सूचना सम्प्रेषण गर्न सुझाव दिएको छ । मानव अधिकारमैत्री र समावेशी प्रतिनिधित्वको सन्देश प्रवाह गरी लोकतन्त्रलाई मजबुत बनाउन सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुने आयोगको सुझाव छ । मतदानको दिन ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती र सुत्केरी महिलाहरूका लागि मतदान केन्द्रमा विशेष र सहज पहुँचको व्यवस्था गर्न आयोगले सरकार र सुरक्षा संयन्त्रलाई निर्देशन दिएको समेत छलफलमा जनाइएको छ । अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो इच्छा अनुसार सहयोगीको सहयोगमा मतदान गर्न पाउने अधिकारको पूर्ण संरक्षण हुनुपर्नेमा आयोगले जोड दिएको छ। आयोगले निर्वाचनको समयमा सुरक्षाकर्मी र कर्मचारीहरूलाई आवश्यक तालिम र अभिमुखीकरण दिइ कार्यमा एकरुपता ल्याउन र सबै मतदाताले गोप्य रूपमा मतदान गर्न पाउने अधिकारको सुनिश्चितता गर्न पनि सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ । कार्यक्रममा आयोगका सन्धी अनुगमन महाशाखा प्रमुख मायादेवी शर्माले २०६४ सालको संविधानसभा निर्वाचनदेखि हरेक निर्वाचनको निरन्तर पर्यवेक्षण गर्दा देखिएका समस्यको समाधानका लागि सरकार, निर्वाचन आयोग, राजनीतिक दललगायत सरोकारवालालाई सुझाव दिइएको बताइन् ।

**VACANCY ANNOUNCEMENT**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

- ★ HR Officer - 1 (Male/Female)
- ★ Documentation - 1 (Female)
- ★ Kitchen Staff - 1 (Female)

Salary Negotiable

**Requirements:**
- ★ Experienced in Related Fields.
- ★ Minimum +2 pass in related field for Documentation Post.
- ★ Minimum 5 Years Experienced in HR Officer Post.

Interested and experienced candidates are requested to mail their updated resume and application to *documention@victorynepal.com*

**भिक्टोरी नेपाल प्रा. लि.**
सिनामंगल ९, ताराहल चोक, काठमाडौं,
मोबाइल नं: ९८५११३१२२९, ९७०५०६६३४३
Govt.Lic.No.: 911/067/068

## गुठिचौर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धलमुडी, जुम्ला
कर्णाली प्रदेश, नेपाल

### आशयको सूचना गरिएको सम्बन्धमा

**सूचना प्रकाशित मितिः २०८२/१०/२१**

यस गुठिचौर गाँउपालिकाबाट तपशिल बमोजिमको मितिमा तपसिल बमोजिमको निर्माण कार्यको वोलपत्र आह्वान सूचना प्रकाशन गरिए अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर हुन आएकोले, स्विकृतिको लागि सिफारिस भएकोमा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. न. | ठेक्का न | योजनाको नाम | बोलपत्रको सूचना प्रकाशित मिति | स्वीकृत बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | NCB/082-083/GRM2 | दानसाँगु देखि गुठिचौर गाउँपालिका कार्यालय सम्म जोड्ने सडक स्तरोन्नति तथा कालोपत्रे | २०८२।०९।०९ | M/S K & D/K & P/Sun Shine J V Tripurasundari- 07, Dolpa | ७३,२६,०४०.८३ |

**प्रमुख प्रशासकीय अधिकृत**

## कानेपोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भौसाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### लिखित जवाफ/ स्पस्टीकरण पेश गर्नु हुन सम्बन्धमा सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८२/१०/२१)**

यस गाँउ कार्यपालिकाको कार्यालय अन्तर्गत तपसिल बमोजिमका ठेक्काहरूमा सम्बन्धित निर्माण व्यवसायीलाई तोकिएको समय सीमा भित्रै कार्य सम्पन्न गर्न पटक-पटक मौखिक लिखित रुपमा जानकारी गराउँदा समेत लामो समयदेखि निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ तदारुकता नदेखाएको, थप म्याद तथा कार्यतालिका अनुसार अपेक्षित प्रगति हासिल नगरेको, अत्यन्तै सुस्त गतिमा कार्य गरी तथा कार्य अधुरो छाडी लामो समयदेखि निर्माणस्थललाई अलपत्र पारेको हुँदा ठेक्का सम्झौता अन्य किन नगर्ने ? यस सम्बन्धमा उचित कारण तथा प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आधिकारिक प्रतिनिधि स्वयंम अनिवार्य रुपमा कार्यालयमा उपस्थित भई कार्य सम्पन्न गर्ने ठोस कार्यतालिका सहितको लिखित जवाफ/ स्पस्टीकरण पेश गर्नु हुन अनुरोध छ । अन्यथा खरिद सम्झौताको शर्त, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम ठेक्का अन्त्य गर्ने तर्फ आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिलः**

| क्र.सं. | निर्माण व्यवसायीको नाम | योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | M/S Baraha Nirman Sewa, Barahachhetra - 06, Sunsari. | CONSTRUCTION OF PEOPLES HOUSING UNITS (PHASE 3) AT KANEPOKHARI 2, PRADHAN TOL, (KRM/NCB/06/CIVIL/080/81) | |
| २ | Bhumiradha Builders विराटनगर - ०१, मोरङ्ग । | CONSTRUCTION OF TOURISM INFRASTRUCTURES AT HISTORICAL KANEPOKHARI, KANEPOKHARI RM -7 (Contract ID no. KRM/NCB/WORKS/07/2081/82) | |

**प्रमुख प्रशासकीय अधिकृत**

ACTMAX

## JOB OPPORTUNITY IN MALAYSIA
## ZERO COST RECRUITMENT !!
## शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

**Free visa ! Free ticket ! Free medical checkup ! Free visa processing ! Free transportation (Two ways from hometown to Kathmandu & Kathmandu to hometown) & (one way from hometown to Kathmandu for Departure) ! Free lodging & meals (3 days for interview & 5 days for Departure) ! Free passport ! Free Insurance ! & Free SSF !**

**निःशुल्क भिसा ! निःशुल्क हवाई टिकट ! निःशुल्क स्वास्थ्य जाँच ! निःशुल्क भिसा प्रक्रिया ! निःशुल्क यातायात (अन्तर्वार्ताको लागि घर देखि काठमाडौं दुईतर्फी आउने जाने) र (उडानको लागि घर देखि काठमाडौं एकतर्फी) ! निःशुल्क आवास र खाना (अन्तर्वार्ताका लागि ३ दिन र उडानको लागि ५ दिन) ! निःशुल्क पासपोर्ट ! निःशुल्क बीमा ! निःशुल्क सामाजिक सुरक्षा कोष (SSF) !**

**कम्पनी : एक्टम्याक्स एसडीएन. बीएचडी.** **ठेगाना : सेलेङ्गोर**
**Company name: ACTMAX SDN. BHD.** **Address: SELANGOR**

| पूर्व स्वीकृत मितिः २०८२/१०/१९ | चलानी नंः ६०२५१६५० | एल टि नं : ३३८२४६ |
|---|---|---|
| Pre Approval Date: 2026/02/02 | Invoice No.: 60251650 | LT No.: 338246 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | माग संख्या Required No's: महिला Female | मासिक तलब Monthly Salary: रिङ्गिट MYR | मासिक तलब Monthly Salary: ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomo-dation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | सामान्य कामदार / कारखाना कामदार General Worker/ Factory Worker | ४४० 440 | ० 0 | १७०० 1700 | ६३,३४२ 63,342 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पूर्व स्वीकृत मितिः २०८२/१०/१९ | चलानी नंः ६०२५१६४८ | एल टि नं : ३३८२४५ |
|---|---|---|
| Pre Approval Date: 2026/02/02 | Invoice No.: 60251648 | LT No.: 338245 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | माग संख्या Required No's: महिला Female | मासिक तलब Monthly Salary: रिङ्गिट MYR | मासिक तलब Monthly Salary: ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomo-dation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | सामान्य कामदार / पि.ओ General Worker/P.O. | ० 0 | १६० 160 | १७०० 1700 | ६३,३४२ 63,342 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोट :- आवेदकहरूलाई कुनै पनि मध्यस्थकर्ता (बिचौलिया) प्रयोग नगरी सिधै आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदकहरू वा आवेदकका परिवारका सदस्यहरुले यस भर्तीको लागि कुनै पनि प्रकारको शुल्क तिर्न आवश्यक छैन । नैतिक भर्ती र पारदर्शिताप्रतिको हाम्रो प्रतिबद्धताको अंशको रूपमा, सबै उम्मेदवारहरूलाई अन्तर्वार्ताको दिन राहदानी (Passport), राष्ट्रिय परिचयपत्र र नागरिकता ल्याउन अनुरोध गरिन्छ । यी कागजातहरू पहिचान प्रमाणीकरण उद्देश्यका लागि र नैतिक भर्ती मापदण्डहरूको पालना सुनिश्चित गर्न कडाइका साथ आवश्यक छन् । तपाईंको सहयोगले हामीलाई सुरक्षित, निष्पक्ष र नैतिक भर्ती वातावरण कायम राख्न मद्दत गर्दछ ।**

**Note :- Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment. As part of our commitment to ethical recruitment and transparency, all candidates are requested to bring original passport, citizenship and national identity documents on the day of interview. These documents are required strictly for identity verification purposes and to ensure compliance with ethical recruitment standards. Your cooperation helps us maintain a safe, fair, and ethical recruitment environment.**

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन Management oF Social Security Fund cost | सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear service charge |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले विशेष रूपमा यस रोजगारीको लागि राहदानी प्राप्त गरेको अवस्थामा मात्र रु. ५,००० को राहदानी जारी शुल्क लागू हुनेछ । The passport issuance fee of NPR 5,000 shall be applicable only in cases where the worker has obtained the passport specifically for this employment. | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगार दाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.२१००/- रोजगारदाताले ब्यहोर्ने NPR 2100/- By the Employer | ने.रु.१५००/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रु २५९६/- रोजगारदाताले ब्यहोर्ने Rs 2596 By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**नोट : वाईड स्पेस इन्टरनेशनल प्रा.लि.को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट वाईड स्पेस इन्टरनेशनलले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने ।**

**Note: Wide Space International Pvt. Ltd does not have any branch or mediator representative. Wide Space International is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions.**

Wide Space International Pvt Ltd is committed to abide laws and principle guidelines of 'ZERO COST' and 'ETHICAL RECRUITMENT' providing equal opportunities treating fairly with the dignity in transparent way.
**वाईड स्पेस इन्टरनेशनल प्रा.लि.ले "शुन्य लागत" र "नैतीक भर्ती" को कानूनी सिद्धान्त पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागी प्रतिबद्धता व्यक्त गर्दछ ।**

**If you have any complaints or feedback, please do contact us via the phone number 9801232117 or email address grievancewsi@widespaceinternational.com.**

**यदि तपाईं सँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई फोन नम्बर ९८०१२३२११७ वा ईमेल ठेगानाः grievancewsi@widespaceinternational.com मार्फत सम्पर्क गर्न सक्नुहुन्छ ।**

**हामी निस्पक्ष, पारदर्शी तथा नैतिक भर्तीको सिद्धान्त पालना गर्दछौं। आवेदनकर्ताहरुको अत्यधिक चाप तथा सीमित कोटाको उपलब्धतालाई ध्यानमा राख्दै, वाइडस्पेसले अन्तिम अन्तर्वार्ताअघि प्रारम्भिक छनोट प्रक्रिया अवलम्बन गर्नेछ।**
**यस प्रक्रियाअन्तर्गत सबै आवेदनकर्तालाई आवेदन दिने अवसर प्रदान गरिनेछ र उनीहरूलाई हाम्रो नैतिक छनोट प्रक्रियामा सहभागी गराइनेछ।**
**उक्त प्रारम्भिक छनोट चरण सफलतापूर्वक पार गरेका उम्मेदवारहरूलाई मात्र अन्तिम अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ।**
**प्रारम्भिक छनोट प्रक्रिया २३ माघ २०८२ देखि २६ माघ २०८२ सम्म सञ्चालन हुनेछ।**
**(प्रारम्भिक छनोट दर्ता समयः बिहान ९:०० बजेदेखि दिउँसो ३:३० बजेसम्म)**
**अन्तिम अन्तर्वार्ता २८, २९ माघ र १ फागुन २०८२ मा सञ्चालन हुनेछ। (अन्तिम अन्तर्वार्ता समयः बिहान ९:०० बजेदेखि सुरु हुनेछ)**
**अन्तर्वार्ताको स्थान वाइड स्पेस कार्यालय, अन्तर्वार्ता हल, टुकुचा चोक, गैरीधारा, काठमाडौं।**

**We adhere to the principles of impartial, transparent, and ethical selection. Considering the high volume of applicants and the limited availability of quotas, Wide Space will implement a preliminary screening process prior to the final interview. Under this process, all applicants will be provided with an opportunity to apply and will be included in our objective selection procedure. Only those candidates who successfully pass the preliminary screening stage will be invited to attend the final interview.**
**The preliminary screening process will be conducted from 6th February 2026 to 9th February 2026.**
**(Pre-Interview Registration Time: 9am to 3:30 pm)**
**Final Interview will be conducted on 11th, 12th and 13th February, 2026.**
**(Final Interview Time: Starts from 9 am)**
**Interview will be held at Wide Space Office, Interview Hall, Tukucha Chowk. Gairidhara, Kathmandu.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ३. विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ४. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ५. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 2. Before going abroad orientation or induction training should be attended compulsorily 3. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 4. While going abroad use International Airport of Nepal or else you might be deceived 5. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

MD MIGRATION DRISTI

**माइग्रेसन दृष्टि ACTMAX को लागि स्वतन्त्र तेस्रो पक्ष निगरानी साझेदार हो । उनीहरूले सुनिश्चित गर्छन् कि भर्ती प्रक्रिया पूर्ण रूपमा निःशुल्क हो र नैतिक अभ्यासहरूको पालन हुन्छ ।**
**यदि तपाईंलाई यस भर्ती प्रक्रियासँग सम्बन्धित कुनै समस्या वा चिन्ता छ भने, कृपया गुनासोको लागि मात्र उनीहरूसँग सम्पर्क गर्नुहोस् । माइग्रेसन दृष्टि हाटलाइन नम्बरः ९८०७१९९३२०**
**Migration Dristi is an independent third-party monitoring partner for ACTMAX. They ensure that the recruitment process is completely free of charge and follows ethical practices. If you face any problems or concerns related to this recruitment process please contact them for grievance purposes only. Migration Dristi Hotline number: 9807199320**

License No. 389/059/060
श्रम इजाजत नं ३८९/०५९/०६०

## Wide Space International Pvt. Ltd
## वाईड स्पेस इन्टरनेशनल प्रा. लि.
Harvest Moon Building 4th Floor, Tukucha Chowk-2, Gairidhara, Kathmandu |
Phone: 01-4515562, 4004650, 4004550
Mobile No.: 9841303074, 9801238198, 9851047466, 9801232109
हार्भेष्टमुन बिल्डिङ्ग चौथौ तल्ला, टुकुचा चोक-२, गैह्रीधारा, काठमाडौं,
फोन नंः ४५१५५६२, ४००४६५०, ४००४५५०,
मोबाइल नं.: ९८४१३०३०७४, ९८०१२३८१९८, ९८५१०४७४६६, ९८०१२३२१०९

Website QR
Scan this QR to check our website
हाम्रो वेबसाइट हेर्न यो QR स्क्यान गर्नुहोस्।

Location QR
Scan this QR for interview location
अन्तर्वार्ता स्थानको लागि यो QR स्क्यान गर्नुहोस्।

मध्यान्ह
www.madhyanhadaily.com
२१ माघ २०८२ बुधबार
4 February 2026 Wednesday

## सम्पादकीय

# रेमिट्यान्सलाई उत्पादनमा लगाऊ

वैदेशिक रोजगारीमा गएका नेपालीले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्रलाई फेरि एकपटक सहारा दिएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामै १० खर्ब ६२ अर्ब ९३ करोड रूपैयाँ भित्रिनु जेनजी आन्दोलनपछि अस्तव्यस्त भएको अर्थतन्त्रका लागि ठुलो राहत भएको छ। सो रकम गत वर्षको सोही अवधिको तुलनामा झन्डै ३९ प्रतिशत धेरै हो। पुस महिनामा मात्रै १ खर्ब ९२ अर्ब रूपैयाँ भित्रिनुले रेमिट्यान्सको प्रवाह बढाएको देखिन्छ। वैदेशिक रोजगारीमा जाने युवाको संख्या बर्सेनि बढ्नु र डलरको मूल्य उकालो लाग्नुले अहिलेको कठिन अवस्थामा नेपाली अर्थतन्त्रलाई लयमा फर्काउनसमेत मद्दत गरेको छ।

रेमिट्यान्सको प्रभाव प्रस्ट रूपमा बाह्य क्षेत्रमा देखिन्छ। विदेशी मुद्रा सञ्चिति ३२ खर्ब ४२ अर्ब रूपैयाँ नाघेको छ। यसले करिब २१ महिनाको वस्तु आयात धान्न सक्ने क्षमता राख्छ। शोधनान्तर स्थिति उल्लेख्य बचतमा रहनु र चालु खाता पनि सकारात्मक हुनु अर्थतन्त्र स्थिरतातर्फ उन्मुख रहेको सकारात्मक संकेत हुन्। सरकारको नगद मौज्दातसमेत ६ महिनामै ३ खर्ब ४६ अर्ब रूपैयाँभन्दा बढी पुग्नुले राज्यको ढुकुटी बलियो बन्दै गएको देखाउँछ। तर बाह्य सूचक बलियो भएर मात्र अर्थतन्त्र स्वस्थ हुन सक्दैन। मुख्य कुरा आन्तरिक अर्थतन्त्रको गतिशीलता कस्तो छ भन्ने हो। विकास खर्च न्यून हुँदा सडक, ऊर्जा, उद्योग र पूर्वाधारका आयोजना अपेक्षित गतिमा अघि बढ्न सकेका छैनन्। आन्दोलन, अस्थिरता, चुनावलगायतका कारणले बजेट समयमै खर्च नहुँदा बजारमा पैसाको प्रवाह घट्छ। जसले व्यापार, उत्पादन र रोजगारीमा असर पार्छ।

अर्थतन्त्रलाई रेमिट्यान्सले अहिले टिकाइरहेको भए पनि यसमा अत्यधिक निर्भरताले जोखिम पनि उत्तिकै बढाएको छ। एकातर्फ लाखौं युवा बिदेसिँदा देशमा श्रमशक्ति घटिरहेको छ भने उत्पादनमूलक क्षेत्र कमजोर भई आयातमा परनिर्भरता बढेको छ। यसले बर्सेनि व्यापार घाटा बढाइरहेको पनि छ। यस्तो संरचनाले दीर्घकालीन आर्थिक आधार बलियो पार्न सक्दैन। त्यसैले रेमिट्यान्सको सही सदुपयोग गर्नुपर्ने अहिलेको आवश्यकता हो। विदेशी भूमिमा दुःख गरेर कमाएको रकम उद्योग, कृषि आधुनिकीकरण, पर्यटन र साना-मझौला व्यवसायमा लगानी गर्न युवालाई प्रेरित गर्नुपर्छ। राज्यले त्यसको उचित वातावरण बनाउनुपर्छ।

सरकार अहिले बाह्य आर्थिक सूचकको सकारात्मक ग्राफमा सन्तुष्ट हुने अवस्था भने छैन। रेमिट्यान्सबाट आएको पुँजीलाई उत्पादनमा रूपान्तरण गर्न सके मात्र त्यसले दिगो समृद्धिको आधार बनाउन सक्छ। विकास खर्च बढाउने, निजी क्षेत्रको मनोबल बढाउने र स्वदेशमै रोजगारी सिर्जना गर्ने नीति अपनाउनु आजको आवश्यकता हो। अन्यथा, रेमिट्यान्सले सुधारेको देखिने अर्थतन्त्र जुनसुकैबेला असन्तुलित भई धर्मराउन सक्छ।

# संघीय गणतन्त्रको अभ्यास र चुनौती

*अब आवश्यकता छ- पार्टीहरूसँग दृढ प्रतिबद्ध र एकता बनाई लोकतान्त्रिक र संघीय व्यवस्था सशक्त बनाउनुपर्छ।*

अग्रलेख



● डा. सुमनकुमार रेग्मी

परापूर्वकालदेखि नेपाल निरंकुश एकात्मक सामन्ती प्रणालीबाट चल्दै आएको थियो। एकाइसौँ शताब्दीमा पनि सोही प्रणाली अवलम्बन गरी राज्य व्यवस्था सञ्चालन गर्नुलाई अदूरदर्शी नीतिको उपज मानियो। लोकतान्त्रिक संघीय व्यवस्था स्थापना हुनुलाई पनि यसैको कारणका रूपमा बुझ्न सकिन्छ। यद्यपि, परिवर्तन पछि पनि प्रश्न बग्रेली छन्। देशले नयाँ काँचुली र विकासका रेखाहरू कोर्न मद्दत पुग्ने आशा उत्पन्न भएको थियो। तर, आज आशामा प्रश्न उब्जिएका छन्।

आज दुई ठूला देशहरूबीचमा रहेर आफ्नो अस्तित्वमा सतर्क रहनसमेत कठिन सम्भावनाबाट बच्न सीमातिरबाट हुने नेपालको भौगोलिक सीमा अतिक्रमणले सोच्न बाध्य पारेको छ। राजनीतिक तरलतालाई अवसर पारेर सीमा स्तम्भहरूको व्यवस्थापन नेपालीहरूको बाध्यतात्मक परिस्थितिको फाइदा अरूले लिँदै गरेको देखिन्छ। पटक-पटक निर्वाचनले मत दिएपनि कहिल्यै सरकार स्थिर हुन नसक्नु अर्को ठूलो बिडम्बना छ। यसले देशमा स्थायित्व र शान्ति नभई अधोगति धकेल्दै जाने सम्भावना कम भएको छ।

जन्मँदै झण्डै एक लाख ऋण बोकेर जन्मने नेपाली गरीबी र अशिक्षामा रुमल्लिएको अवस्था विद्यमान छ। नेपालमा गणतन्त्र स्थापना हुनेबित्तिकै सेवा विकासका पूर्वाधारहरू एकैचोटि समाधान गर्न बजेट र समाधानका लागि सडकमा ओर्लने काम व्यापक रूपमा बारम्बार गरिन्छ। तर, देशको संविधान २०७२ आएपछि तेस्रो आम चुनाव आउन आँटेको छ। २०७२ को संविधानअन्तर्गतको दोस्रो स्थानीय चुनाव सकिएपछि स्थानीय सरकार बलियो हुँदै आएको थियो। तर २०८२ को मध्यावधिको कदमले गणतन्त्र माथि प्रहार भएको छ।

देशमा देखापरेको कालो बजारसहित भ्रष्टाचार दिन दुई गुणा, रात चौगुणा मूल्यवृद्धि गराएर रातारात अर्बपति हुने र मौकाको फाइदा लिनेहरूको पनि कमी छैन। यस्तो अवस्थाबाट कर्मचारीतन्त्र पनि अछुतो छैन। नेपालमा बनेका कुनै सरकारले धनी र गरिबबीचको खाल्डो कम गर्न प्रयाससम्म गरेनन्। फलस्वरूप गरीबी झनझन बढ्न गयो। २०४६ सालपछि भएका विकृति बोध गराउन पार्टीका कार्यकर्ताहरू सोझै जनमानसमा गई सम्पर्क राखी नयाँ चेहराका संविधान २०७२ पछिको तेस्रो प्रतिनिधि सभामा उम्मेदवार जिताउन आग्रह गर्नुपर्ने बेला आएको छ।

बहुदलीय व्यवस्थामा कुनै पनि क्षेत्रकाले पाएको अख्तियार दुरुपयोग गर्नेलाई सख्त कारबाही गर्ने निकाय सशक्त हुनुपर्थ्यो र हुनुपर्छ। देशभित्रका विकृति समस्या नबनाइकन देशभित्रकाले समाधान गर्ने परिपाटी बनाइनु पर्छ। अब आउने वर्षहरूमा नेपालका पार्टीहरूका नेता-कार्यकर्ताहरूले देशमा भएका विकृतिप्रति पश्चाताप गर्ने समयावधि हो। संघीय गणतान्त्रिक बहुदलीय व्यवस्थामा भएका विकृति भविष्यमा दोहोरिन नदिनु चुनाव नै परीक्षणको घडी हुन सक्छ।

नेपालमा बहुदल स्थापित भएको सात वर्षपछि सबै पार्टीलाई टुटाउने-फुटाउने प्रयास सुरु भएको थियो। सिफारिसले पञ्चायत चलेको थियो, पछि बहुदलीय पार्टीभित्र सिफारिसले चलाउन खोजियो। फलस्वरूप अधिकांश पार्टीहरू टुक्रिए। ३० वर्ष शासन गर्ने पञ्चायती विचारधाराका राष्ट्रिय प्रजातन्त्र पार्टीमार्फत राजनीति गर्न थाले। पूर्व सामन्तहरू पनि यिनै पार्टीमार्फत सक्रिय राजनीति गर्न खोजे। पञ्चायत फाल्ने कांग्रेस र कम्युनिस्ट पार्टीहरूको जन्म ३० वर्षे शासन प्रणाली अगाडि नै भएको थियो। १०४ वर्ष शासन गरेका राणा शासन फाल्न कांग्रेस र कम्युनिस्ट पार्टीहरू पहिलेदेखि नै बिना संगठन भूमिगत रूपमा संघर्षमा थिए।




अहिले देशमा संघीय गणतान्त्रिक बहुदलीय शासन प्रणाली छ। जनअनुमोदित संविधान निर्माण गरिएको छ। यस्तोमा सबै पार्टीहरू मिलेर भ्रष्टाचारको विरोध कार्यक्रम गरी पार्टी नेता-कार्यकर्तालाई पश्चातापको भुमरीमा पार्नु नै पार्टी सुदृढीकरणको उपाय हो। बहुदलीय शासन नै बेलायतमा दुई-तीन सय वर्ष अघिदेखि चल्दै आएको छ। बेलायतमा पनि दुई-तीन सय वर्षअघि सुरु भएको बहुदलीय व्यवस्थाको पहिलो प्रधानमन्त्रीको काम पछिल्ला प्रधानमन्त्रीका भन्दा गए गुज्रेको थियो। तैपनि आजसम्म बेलायतमा बहुदलीय शासन प्रणाली कायम छ।

नेपालमा संघीय गणतान्त्रिक बहुदलीय व्यवस्था उपयुक्त ठानिए पनि तोडमोड भएको छ। पार्टीभित्र प्रजातन्त्र देखिँदैन। २०६२-६३ सालको परिवर्तन देशमा कम्युनिस्ट र कांग्रेस पार्टीहरूको संयुक्त आन्दोलनबाट आएको मानिन्छ। कांग्रेस र कम्युनिस्ट पार्टीहरू नमिल्ने, गठबन्धन नहुने परिस्थिति आएको खण्डमा वा संविधानमा भएका कुरामा सहमति नभएमा संविधान २०७२ बने पनि अब कम्युनिस्ट पार्टीले जन-गणतन्त्रको बाटो लिन सक्छन्।

नेपालमा उच्च, मध्यम स्तरका र उनीहरू नजिकका मानिस कांग्रेस पार्टीमा, पञ्चायतका लागेका रा.प्र.पा.मा र बाँकी विभिन्न पार्टीहरू जस्तै एकीकृत समाजवादी, माओवादी केन्द्र, लोकतान्त्रिक समाजवाद पार्टी, जनता समाजवाद पार्टी, नेमकिपा, माले,

> *संघीय गणतान्त्रिक व्यवस्था स्थापनाले ठुलो ऐतिहासिक माइलस्टोन पुगेको भए तापनि यसका केही संरचनागत र व्यावहारिक चुनौतीहरू अझै समाधान हुन बाँकी छन्। राजनीतिक अस्थिरता, भ्रष्टाचार र पार्टीभित्रको एकता अभावले यो प्रणालीको प्रभावकारिता घटाएको छ।*

जनमुक्ति, स्वतन्त्र, जनमत आदि तितरबितर भई संलग्न छन् भन्दा फरक नपर्ला। अब २०८२ को मध्यावधि चुनावले संसदमा नयाँ अनुहार देखिने छ।

नेपालको संघीय गणतान्त्रिक व्यवस्था स्थापनाले ठूलो ऐतिहासिक माइलस्टोन पुगेको भए तापनि यसका केही संरचनागत र व्यावहारिक चुनौतीहरू अझै समाधान हुन बाँकी छन्। राजनीतिक अस्थिरता, भ्रष्टाचार र पार्टीभित्रको एकता अभावले यो प्रणालीको प्रभावकारिता घटाएको छ। अब आवश्यकता छ पार्टीहरूसँग दृढ प्रतिबद्ध र एकता बनाई लोकतान्त्रिक र संघीय व्यवस्था सशक्त बनाउनका लागि। केवल समयको परिप्रेक्ष्यमा आउने चुनौतीहरूको सामना गर्दा नै हामी साँचो गणतन्त्रको मूल्य र सिद्धान्तलाई स्थापना गर्न सक्छौं। यी सबै चुनौतीहरूको सामना गर्दै नेपालको संघीय गणतन्त्रको वास्तविक रूप आउनको लागि देशका सबै सरोकारवालाहरूको सहभागिता अनिवार्य छ।

## इतिहासमा आज


४ जनवरी २०१३ मा फिलिपिन्सको काविटमा घरघरमा घुसेर एक बन्दुकधारीले आक्रमण गरी आठ जनाको हत्या गरेका थिए।



४ जनवरी २०१० मा विश्वको सबैभन्दा अग्लो भवन बुर्ज खलिफा आधिकारिक रूपमा दुबईमा खुलेको थियो।



४ जनवरी २००७ मा अमेरिकी इतिहासमा न्यान्सी पेलोसी अमेरिकी सदनको पहिलो महिला सभामुखका रूपमा निर्वाचित भएकी थिइन्।



४ जनवरी २००४ मा नोभेम्बर २००३ को रोज रिभोलुसन पछि मिखेल साकाशभिली जर्जियाको राष्ट्रपतिमा निर्वाचित भएका थिए।



# सेयर बजारमा युवाको सहभागिता

विचार



● महेन्द्र पराजुली

> *सेयर बजारमा प्रवेश गर्दा सेयर बजार के हो ? कम्पनीको वित्तीय अवस्था कसरी विश्लेषण गर्ने ? जोखिम व्यवस्थापन कसरी गर्ने ? जस्ता धेरै विषयमा पर्याप्त अध्ययन, अवलोकन गर्नु जरूरी छ।*

वर्तमान विश्व अर्थतन्त्र आर्थिक उदारीकरण र भूमण्डलीकरणको प्रभावमा पुँजीवादी दिशातर्फ अघि बढिरहेको छ। पुँजीवादको मूल विशेषता भनेको पुँजीको अधिकतम उपयोग गर्दै नाफा कमाउने, नाफालाई सुरक्षित गर्दै पुनः लगानी गर्ने र प्रतिस्पर्धात्मक विश्व बजारमा आफ्नो उपस्थितिलाई विस्तार गर्नु हो। यही प्रक्रियासँगै विश्वमा पुँजी परिचालनका लागि विभिन्न वित्तीय संयन्त्रहरू विकसित हुँदै आएका छन्, जसमा सेयर बजार एक महत्वपूर्ण अवयवका रूपमा स्थापित भएको छ।

विश्वको इतिहासलाई हेर्दा, सेयर बजारको सुरुवात १७ औं शताब्दीबाट सुरु भएको मानिन्छ। नेपालमा भने कम्पनी ऐन, वि.सं. १९९३ को विकासपछि वि.सं. १९९४ मा विराटनगर जुट मिल र नेपाल बैंक लिमिटेडको स्थापना भएसँगै सेयर बजारको आधार तय भएको देखिन्छ। त्यसपछि वि.सं. २०३३ सालमा नेपाल धितोपत्र विनिमय केन्द्रको स्थापना भई सीमित रूपमा धितोपत्र कारोबार सञ्चालन हुन थाल्यो। यही केन्द्रले प्रारम्भिक चरणमा धितोपत्रको किनबेच तथा बजार विकासको भूमिका निर्वाह गरेको थियो। पछिल्लो चरणमा वि.सं. २०५० साल जेठ १३ गते उक्त केन्द्रलाई पुनर्संरचना गरी नेपाल स्टक एक्सचेन्ज (नेप्से)को स्थापना भएपछि सेयर बजारले संस्थागत तथा आधुनिक स्वरूप ग्रहण गरेको हो।

आजको अवस्थासम्म आइपुग्दा नेपालमा सेयर बजारको महत्व उल्लेखनीय रूपमा दिन दुई गुणा, रात चौगुनाको रूपमा बढ्दै गएको छ। वि.सं. २०५० माघ ३० गतेदेखि नेपाल स्टक एक्सचेन्जमा १०० अंकलाई आधार मूल्य मानेर सेयर बजारको औपचारिक सुरुआत गरिएको थियो। प्रारम्भिक चरणमा सेयर कारोबार अत्यन्त सीमित थियो र केही कम्पनीहरूको मात्र सेयर किनबेच हुन्थ्यो। त्यस समयमा मुख्य रूपमा नेपाल बैंक लिमिटेड, नेपाल औद्योगिक विकास निगम जस्ता सरकारी तथा अर्धसरकारी संस्थाहरूका सेयरहरू कागजी प्रमाणपत्रका आधारमा खरिद-बिक्री गर्ने गरिन्थ्यो।

उक्त समयमा लगानीकर्ताहरू ब्रोकर कार्यालयमा गएर प्रत्यक्ष रूपमा फारम भरेर सेयर किन्ने र बेच्ने गर्दथे, जसका कारण कारोबार प्रक्रिया ढिलो र जटिल थियो। समयक्रमसँगै बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, जलविद्युत्, उत्पादन तथा सेवा क्षेत्रका कम्पनीहरूको संख्या क्रमशः वृद्धि हुँदै गयो र सेयर बजारको दायरा पनि विस्तार हुँदै गयो। आजको दिनसम्म आइपुग्दा नेप्सेमा तीन सयभन्दा बढी कम्पनीहरू सूचीकृत भइसकेका छन्। यस अवधिमा सेयर कारोबार प्रणाली कागजी प्रक्रियाबाट बदलिँदो विश्वव्यापी अनलाइन प्रणाली, मेरो सेयर, सेयर अनलाइन ट्रेडिङ सिस्टम हुँदै डिजिटल रूपमा रूपान्तरण भएको छ, जसले युवाहरूको पहुँच र सहभागिता उल्लेखनीय रूपमा बढाएको छ।


नेप्से परिसूचकले समय-समयमा उतारचढाव भोग्दै ऐतिहासिक रूपमा ३२०० अंकभन्दा माथिको बिन्दु समेत छोइसकेको छ र हाल करिब २७०० आधार बिन्दु वरिपरि घुमिरहेको देखिन्छ। यसले सेयर बजारलाई केवल सीमित वर्गको क्षेत्रमा मात्र नभई आम नागरिक, शिक्षक, कर्मचारी, व्यवसायी, युवा विद्यार्थीदेखि घरगृहिणीहरू समेतको उल्लेख्य सहभागिता बढेको देख्न सकिन्छ। यस अर्थमा सेयर बजार विशेषगरी युवापुस्ताको लागि आकर्षक इन्भेष्टमेन्ट प्लेटफर्म बनेको छ भन्न कुनै द्विविधा मान्नु पर्दैन। नेपाल सरकारले सेयर बजारलाई व्यवस्थित र सुरक्षित बनाउन विभिन्न कानुनी व्यवस्था गरेको छ। कम्पनी ऐन २०६३, धितोपत्र बोर्ड, सामूहिक लगानी कोष नियमावली, पोर्टफोलियो व्यवस्थापन निर्देशिका, सीडीएससीसम्बन्धी नियमावली जस्ता धेरै कानुनी संरचनाले लगानीकर्ताको अधिकार संरक्षण गर्ने प्रयास गरेको देखिन्छ। यद्यपि, यी कानुनहरूको कार्यान्वयन अझ प्रभावकारी हुनुपर्ने आवश्यकता भने कायमै छ।

सेयर बजार कुनै सामाजिक सेवा गर्ने संस्था नभई नितान्त नाफा कमाउने उद्देश्यले सञ्चालन हुने लगानीको प्रमुख क्षेत्र हो। यस बजारमा कतिपयले ठूलो आर्थिक उपलब्धि हासिल गरेका छन् भने कतिपयले अविवेकी लगानीका कारण ठूलो क्षति पनि व्यहोरेका कयौँ घटनाहरू प्रशस्त छन्। त्यसैले सेयर बजारलाई केवल छिटो पैसा कमाउने माध्यमका रूपमा मात्र नलिई, ज्ञान, धैर्यता र अनुसन्धान आवश्यक पर्ने लगानीको क्षेत्रका रूपमा बुझ्न जरुरी छ। सेयर बजारको विषयलाई लिएर प्रसिद्ध लगानीकर्ता, सेयर बजारका बादशाह वारेन बफेट भन्छन्- जोखिम तब मात्र आउँछ, जब तपाईं के गरिरहनु भएको छ भन्ने थाहा पाउनुहुन्न। यस भनाइले स्पष्ट पार्छ कि छिटो पैसा कमाउने होडमा बिना अध्ययन, अरूको लहैलहैमा लागेर गरिएको लगानी केवल बालुवामा पानी हाले सरह हुन सक्छ।

त्यसैले, आजको युवापुस्ताले सेयर बजारमा प्रवेश गर्दा सेयर बजार के हो ? कम्पनीको वित्तीय अवस्था कसरी विश्लेषण गर्ने ? जोखिम व्यवस्थापन कसरी गर्ने ? जस्ता धेरै विषयमा पर्याप्त अध्ययन, अवलोकन गर्नु जरुरी छ। सही निर्णय, दीर्घकालीन सोच र आत्मनिर्भर विश्लेषणका साथ गरिएको लगानीले सेयर बजारलाई युवाहरूका लागि दीर्घकालीन आर्थिक सशक्तीकरणको बलियो माध्यम बनाउन सक्छ।

*(पराजुली, सेयर बजारका लगानीकर्ता हुन्।)*

## सामाजिक सञ्जाल



**सुशील न्यौपाने**

मधेसको प्रतिनिधि मान्ने हो भने काठमाडौंका सडकबाट घिसारिएका साइकल, ठेला र पोका कहाँका विपन्नका थिए ? देश भुंग्रोमा - भोट ढुंग्रोमाको नीतिमा हिँडेकाको भ्रमलाई बेलैमा बुझ्नु हितकर हुनेछ। भाइरल कै कुरा गर्ने हो भने त कोभिड पनि भाइरल भएकै थियो। भाइरल र लोककारी भिन्न कुरा हुन।



**निर्मल प्रसाईं**

मकवानपुरमा १४ बिगाहामा लगाइएको अफिम तथा गाँजा खेती फडानी गरिएको फोटोहरू आएको छ। जसरी दूधलाई डेरी मार्फत बजारीकरण गरिन्छ, त्यसैगरी घरेलु रक्सी, अफिम, गाँजा, लाई प्रशोधन गरेर अन्तर्राष्ट्रिय बजारीकरण गर्न सकिन्छ। किसानले मनग्य आम्दानी गर्न सक्थे। नीति परिवर्तन हुन जरुरी छ।



**डम्बर खतिवडा**

बाबुरामको जस्तो चुनावी गठबन्धन, रामकुमारी झाँक्रीको जस्तो तुलनात्मक लाभ, प्रदीप यादव-इस्तियाक राईको जस्तो टिकट छान, घनश्याम भुसाल-राम कार्कीको जस्तो मार्क्सवाद, विप्लव-आहुतिको जस्तो क्रान्ति र जीतेन्द्र देवको जस्तो दल त्यागलाई आ-आफ्नो विद्याको स्वर्णपदक दिए बेस हुन्छ।



**रोशन भट्टराई**

पहिले चुनावताका बजारमा फुलका माला अभाव हुन्थे, अहिले रुद्राक्षका मालाको अभाव हुन थालेछ। तिमीलाई चुनावको बेला चाहीँ आफ्नो मौलिक संस्कृति चाहिने भए, चुनावपछि ढोग किन गर्छौ ? जनताको भावनामा खेल्दै आस्थामा प्रहार गर्ने राजनीतिक कसाई हौ तिमीहरू। सक्छौ भने खुलेर बोल, हिम्मत छ ?

# वैदेशिक रोजगारीलाई सुरक्षित र रेमिट्यान्सलाई उत्पादनमा जोड्दै सामी

सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, २० माघ



मुलुकका अन्य जिल्लाहरूमा जस्तै अर्घाखाँचीका हजारौं परिवारको मुख्य आयस्रोत वैदेशिक रोजगारी बनेको छ। सुरक्षित आप्रवासन परियोजनाले सही सूचना, सुरक्षित प्रक्रिया र भविष्यको योजना बिना विदेश जाने प्रवृत्तिले विगतमा धेरै नागरिक ठगी, शोषण र जोखिममा परेकाले यसलाई व्यवस्थित गर्न सहयोग गर्दै आएको छ। अर्घाखाँची जिल्लाका सबै स्थानीय तहमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम यस वर्षदेखि लागू भएको छ।

कार्यक्रमको मोडालिटी, प्रभावकारिता र स्थानीय तहको भूमिकाबारे शितगंगा नगरपालिकामा मंगलबार आयोजित अन्तरक्रियामा सन्धिखर्क नगरपालिका तथा भूमिकास्थान र पाणिनी गाउँपालिकामा मात्र लागू भएको सामी कार्यक्रम जिल्लाभर विस्तारबारे समीक्षा गरिएको थियो। कार्यक्रम लागू भएसँगै वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका नागरिक, फर्किएका कामदार र उनीहरूका परिवार प्रत्यक्ष लाभान्वित हुन थालेको कार्यक्रमका वक्ताहरूले बताएका छन्।

अन्तरक्रिया कार्यक्रममा शितगंगा नगरपालिकाका प्रमुख छबिलाल पौडेलले सामी कार्यक्रमलाई वैदेशिक रोजगारीमा जाने नागरिकका लागि उपलब्धिमूलक भएको बताए। उनले भने, 'अवैध बाटो, दलाल र जोखिमपूर्ण यात्राबाट जोगिँदै सुरक्षित वैदेशिक रोजगारीतर्फ नागरिकलाई डोऱ्याउन सामी कार्यक्रम अत्यन्त उपयोगी हुनेछ भन्नेमा हामी विश्वस्त छौं।' पौडेलले सामी कार्यक्रमले वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउन महत्वपूर्ण भूमिका खेलेको पनि बताए।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले कार्यक्रमको प्रभावकारिता उल्लेख गर्दै नगरपालिकाको अपेक्षा अझ ठुलो रहेको बताए। सापकोटाले भने, 'तालिम र सचेतनाले नागरिकको सोच बदलिँदैछ। अब यसलाई स्थानीय विकास र रोजगारी सिर्जनासँग जोड्न सकियो भने यसको प्रभाव दीर्घकालीन हुनेछ।'

उपप्रमुख गीता भाटले सामी कार्यक्रमले युवाहरू ठगी हुनबाट जोगिएको र मनोसामाजिक परामर्श सेवा लिन पाएको महत्वपूर्ण पक्ष रहेको बताइन्। भाटले वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन संस्थागत प्रयास आवश्यक रहेको उल्लेख गर्दै सामी कार्यक्रमले गरेको काम स्वागतयोग्य रहेको पनि बताइन्।

कार्यक्रममा नगरपालिकाका प्रशासकीय अधिकृत तथा योजना शाखा प्रमुख नुमलाल खनालले कार्यक्रमलाई सदरमुकाममा सीमित नराखी गाउँ-टोलसम्म लैजानुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रममा सामी प्रदेश कार्यक्रम अधिकृत जियाउल हक, वैदेशिक रोजगार बोर्डकी कार्यक्रम अधिकृत सरिता केसी र जिल्ला कार्यक्रम संयोजक बसन्त श्रेष्ठले सामी कार्यक्रम, यसको मोडालिटी र हालसम्मका उपलब्धिबारे प्रस्तुति दिएका थिए।

सहभागीहरूले वैदेशिक रोजगारीमा जानुअघि सूचना, अभिमुखीकरण र सीपमूलक तालिम आवश्यक रहेको जानकारी दिएका छन्। वैदेशिक रोजगारीबाट फर्किएका कामदारलाई पुनर्स्थापना र उद्यमशीलतामा जोड्ने पहल सामी कार्यक्रमले गर्ने बताउँदै सहभागीहरूले विदेशबाट आएको रेमिट्यान्सलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्न वित्तीय साक्षरता र परामर्श कार्यक्रम सफल बनाउन नागरिक आफैं सचेत हुनुपर्नेमा जोड दिएका थिए।

सन्धिखर्क नगरपालिकाका स्थानीय २६ वर्षीय भक्तबहादुर पल्ली खाडी मुलुक जाने तयारीमा थिए। सामाजिक सञ्जालमार्फत सम्पर्कमा आएका एक व्यक्तिले छिटो भिसा र आकर्षक तलबको आश्वासन दिएपछि उनी अलमलमा परे। सामी कार्यक्रमअन्तर्गत आयोजित अभिमुखीकरण तालिममा सहभागी भएपछि उनले प्रस्ताव शंकास्पद रहेको बुझे र श्रम कार्यालयमार्फत मात्र प्रक्रिया अघि बढाएका थिए। पल्लीले भने, 'सामी तालिम नलिएको भए म ठगीमा पर्थें।'

वैदेशिक रोजगारीबाट फर्किएका सन्धिखर्कका वडा नम्बर ६ का प्रकाश आचार्यले सामीको वित्तीय साक्षरता तालिमपछि विदेशबाट ल्याएको रकम सानो तरकारी व्यवसायमा लगानी गरेका छन्। अहिले उनी मात्र आत्मनिर्भर छैनन्, दुई जनालाई रोजगारीसमेत दिएका छन्।

अर्घाखाँचीमा सामी कार्यक्रम प्रभावकारी देखिए पनि दुर्गम क्षेत्र, महिला र न्यून साक्षर नागरिकसम्म अझै पहुँच विस्तार गर्नुपर्ने चुनौती छ। तालिमपछि उद्यम सञ्चालनका लागि सहुलियतपूर्ण कर्जा, बजार पहुँच र स्थानीय तहको निरन्तर सहयोग आवश्यक रहेको कार्यक्रममा सहभागीहरूले बताएका छन्।

अर्घाखाँची जिल्लामा सामी कार्यक्रमको विस्तारले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनुका साथै रेमिट्यान्सलाई उत्पादन र विकाससँग जोड्ने सम्भावना बढाएको छ। स्थानीय तहको सक्रियता र नागरिकको सहभागिता कायम रहन सके सामी कार्यक्रम जिल्लाको सामाजिक-आर्थिक रूपान्तरणको बलियो आधार बन्न सक्ने देखिन्छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/२१**

**इन्स्टा क्यास** को मिति २०८२/१०/०५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एस मम फुड्स (दार्ता नं. ३८०१२४)** कायम गर्ने गरी मिति २०८२/१०/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


# रेभा युनिभर्सिटीका पूर्वविद्यार्थीहरूको सम्मेलन सम्पन्न




**काठमाडौं/मस–** भारतको बेङ्गलोरस्थित रेभा युनिभर्सिटीका पूर्वविद्यार्थीहरूको सम्मेलन काठमाडौंमा सम्पन्न भएको छ।

सम्मेलनका अवसरमा विश्वविद्यालयका अध्यक्ष तथा कुलपति डा.पी.श्यामा राजु र रजिस्ट्रार डा.एम.धनञ्जयले नेपालका पूर्व विद्यार्थीहरूसँग अन्तरक्रिया गरेका छन्।

पूर्वविद्यार्थीहरूले आयोजना गरेको 'ग्रान्ड एलुम्नाइ मिट-नेपाल च्याप्टर २०२६' कार्यक्रममा डा.श्यामा राजुको प्रमुख आतिथ्यता तथा डा.धनञ्जयको विशेष आतिथ्यता रहेको थियो।

कार्यक्रम संयोजक राजेश बस्यालका अनुसार नेपालमा रहेका रेभा युनिभर्सिटीका पूर्व विद्यार्थीहरूबीच आपसी सम्बन्ध सुदृढ गर्ने, अनुभव आदान-प्रदान गर्ने तथा शैक्षिक, व्यावसायिक र सामाजिक सहकार्य विस्तार गर्ने उद्देश्यले एलुम्नाइ मिट आयोजना गरिएको हो।

भारतको उच्च गुणस्तरीय तथा विश्वसनीय विश्वविद्यालयका रूपमा स्थापित रेभा युनिभर्सिटीमा अध्ययन गरेका नेपाली विद्यार्थीहरूलाई एउटै मञ्चमा जोड्दै सहकार्यलाई थप मजबुत बनाउने अपेक्षा गरिएको आयोजकले जनाएका छन्।

कार्यक्रममा कुलपति डा.श्यामा राजुले गुणस्तरीय शिक्षा र व्यवसायिकतालाईविश्वविद्यालयको मुख्य प्राथमिकतामा राखिएको बताउँदै आफ्ना पूर्वविद्यार्थीहरूसँग भेटघाट गर्न पाउँदा खुशी लागेको उल्लेख गरे। उनले विद्यार्थीहरूसँगको सम्बन्ध र स्नेह सधैँ मजबुत रहेको अनुभूति व्यक्त गरे।

त्यसैगरी रजिस्ट्रार डा.धनञ्जयले रेभा युनिभर्सिटीबाट अध्ययन पूरा गरी नेपाल फर्किएका विद्यार्थीहरूले विभिन्न क्षेत्र र संस्थामा महत्वपूर्ण जिम्मेवारी सम्हाल्दै उत्कृष्ट कार्य गरिरहेको देख्दा गर्व लागेको बताए।

वक्ताहरूले यस्ता कार्यक्रमले नेपाल र भारतबीचको शैक्षिक सम्बन्ध तथा दुई देशबीचको आपसी सहकार्यलाई अझ सुदृढ बनाउन सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे।


## राहदानी हराएको सूचना

मिति २०८१।०१।०८ गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

नामः BIMALESH KUMAR SAH
पूरानो राहदानी नं.: 05476452
ठेगानाः KISAN NAGAR, BARDIBAS 06, MAHOTTARI
सम्पर्कः 9809637189



गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
## पूर्वाधार विकास कार्यालय
गोरखा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/१०/२१**

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यको लागि मिति २०८२/०९/१४ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित E-Bidding मार्फत बोलपत्र आव्हान गरिएकोमा तोकीएको म्यादभित्र E-Bidding मार्फत सम्बधित योजनाहरुको लागि प्राप्त बोलपत्रहरुको मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रदाताहरुको वोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावाग्राही देखिन आएकाले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | योजनाको नाम | न्युनतम मुल्याङ्कित तथा सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल अंक ने. रू. (भ्याट र PS सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | Upgrading of Ghyampeshal Tinkhande Road, Barpaksulikot RM-08, Gorkha IDO/GORKHA/NCB/W/R/73/082/083 | B.D.Brothers Construction And Suppliers, Bhimsenthapa-04, Gorkha | 3,284,284.54 | |
| 2. | Upgrading of Road 1. Naranthala Baluwatar Road, Bhimsenthapa-04 and Road 2. Maithum Primary School Sawenpani Pipalbot, Bhimsenthapa-03 IDO/GORKHA/NCB/W/R/74/082/083 | Gandaki Construction and Suppliers, Bhimsenthapa Rural Municipality-04, Gorkha | 4,214,632.21 | |
| 3. | Upgrading of Road 1. Arkhet Bazaar Inner Road, Arughat 4 and Road 2. Ganesh Secondary School Dharkharka Swaragaun Road, Arughat 3,4 IDO/GORKHA/NCB/W/R/76/082/083 | Satya Kamal Nirman Sewa, Arughat Rural Municipality-9, Gorkha | 3,888,672.26 | |
| 4. | Upgrading of Daraudi Pul to Dhungetaari Road,Pa. Na.Pa-09,Gorkha IDO/GORKHA/NCB/W/R/77/082/083 | Unique Nirman Sewa, Go.Na.Pa.-10 | 3,166,242.88 | |
| 5. | Upgrading of Tarkedada Khamari Jhimrek Road, Siranchowk-02 IDO/GORKHA/NCB/W/R/78/082/083 | Baba Construction, Siranchok-02 | 3,300,287.93 | |
| 6. | Construction of Physical Infrastructure of Kazi Kalu Pandey Museum, Khoplang, Palungtar-1, Gorkha IDO/GORKHA/NCB/W/R/79/082/083 | Naradevi Nirman Sewa, Marsyangdi-3, Lamjung | 6,538,344.22 | |
| 7. | Construction of Culvert at Biruwatar Jogisthan Hudaie Fusretaar Niskine baato ko Jogidi Khola, Pa.Na.Pa-07, Gorkha IDO/GORKHA/NCB/W/R/80/082/083 | Sneha Smriti Construction and Supplies, Gorkha | 2,633,353.84 | |

पूर्वाधार विकास कार्यालय, गोरखा



## Gurans Rural Municipality
## Office of Rural Municipal Executive
Ranimatta, Dailekh
Karnali Province, Nepal

### Invitation for Electronic Bids

**(First Date of Publication : 2082/10/21)**

1. Gurans Rural Municipality Invites Following Electronic Bid Form Eligible Bidders Under National Competitive Bidding.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Gurans Rural Municipality or may visit e-GP system: www.bolpatra.gov.np/egp .

| S.No. | Description | IFB No | Estimated Amount(Including VAT and PS) NRs. | Bid Security Amount (NRs.) | Non Refundable Bid Document Fee (Nrs.) | Last Date of Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Gurans Aspatal Tala Thap | GRM/WORKS/ NCB/10/082/083 | 27,71,609.11 | 72,000 (which should be valid for 120 days after bid opening) | 3000 | March 6, 2026 at 12 hrs. | March 6, 2026 at 13 hrs. | |

**Chief Administrative Officer**



## ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक ललितपुर
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२१**

यस ललितपुर महानगरपालिकामा रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुको प्राविधिक तथा आर्थिक मूल्याङ्कन पश्चात मूल्याङ्कन समितिबाट भएको सिफारिस अनुसार देहायमा उल्लेखित न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृति गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | बोलपत्र सूचना प्रकाशित मिति | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (PS तथा VAT समेत) |
|---|---|---|---|---|---|
| १. | LMC-NCB-WORKS-2082/83-05 | Construction of Road at Ward No. 04, 06, 07, 10, 12 & 17 of LMC | २०८२/०८/१९ गते | M/S Suprima Engineers, Lalitpur | १,५८,३४,२२७७८ |
| २. | LMC-NCB-WORKS-2082/83-06 | Construction of Road at Ward No. 25, 26, 27 & 29 of LMC | २०८२/०८/१९ गते | M/S Mahodaya - Gilleshwori J/V,Kathmandu | ९४,९८,०२७१४ |

# पश्चिम नवलपरासीमा निर्वाचन प्रहरी तालिम सुरु

**विनोद निगम/मध्यान्ह**
पश्चिम नवलपरासी, २० माघ



फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै पश्चिम नवलपरासीमा निर्वाचन सुरक्षाको तयारी तीव्र पारिएको छ। सोही क्रममा आइतबारदेखि इलाका प्रहरी कार्यालय महेशपुरमा निर्वाचन प्रहरी तालिम सुरु गरिएको छ।

जिल्ला प्रहरी कार्यालय नवलपरासीका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक (डिएसपी) वीरदत्त पन्तका अनुसार निर्वाचन सुरक्षाका लागि जिल्लाभरका विभिन्न इलाका प्रहरी कार्यालयहरूमा निर्वाचन प्रहरी परिचालन गरी तालिम सञ्चालन गरिएको हो।

उनका अनुसार इलाका प्रहरी कार्यालय बर्दघाटमा २ सय ४५ जना, सुनवल इलाकामा २ सय ४५ जना, इलाका प्रहरी कार्यालय बेलाटारीमा २ सय ५५ जना तथा इलाका प्रहरी कार्यालय महेशपुरमा प्रहरी निरीक्षक सुबराज बमको कमान्डमा सञ्चालन भइरहेको तालिममा २ सय ५० जना निर्वाचन प्रहरी सहभागी छन्। तीमध्ये ४६ जना महिला र २ सय ४ जना पुरुष रहेका छन्।

जिल्लामा हाल ५ सय ९ जना म्यादी प्रहरी तालिमरत रहेको र खटाइएका म्यादी प्रहरीको कुल संख्या १ हजार ५ सय ४ पुगेको डिएसपी पन्तले बताए।

जिल्ला प्रहरी कार्यालय नवलपरासीले प्रतिनिधिसभा निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सुरक्षित रूपमा सम्पन्न गराउने उद्देश्यले आवश्यक संख्यामा सुरक्षा जनशक्ति परिचालन गरिएको जनाएको छ।

पश्चिम नवलपरासीमा १ सय २२ मतदान स्थल र २ सय ९७ मतदान केन्द्र निर्धारण गरिएको छ।

## चन्द्रनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर (नाढीमन ताल), सर्लाही
मधेस प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८२/१०/२१**

यस कार्यालयको मिति २०८२/०९/०३ को प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि बोलपत्र आह्वान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल वमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङकित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र छनौट आशयको यो सूचना सम्बन्धित सबैका जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु (मु.अ. कर समेत) | कैफियत |
|---|---|---|---|---|
| CRM/NCB/G-1 /2082-083 | The procurement Delivery and installation of Hospitals goods | Shivam trading concern, Balkhu | 8207142.54 | |

## राहदानी हराएको सूचना

मिति २०८०।०५।१२ गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

नाम: ANIL B K
पुरानो राहदानी नं.: 07181330
ठेगाना: KUNDULE, RAINAS 9, LAMJUNG
सम्पर्क: 9769464318

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

श्री दिल बहादुर बस्नेतको नाति, श्री पदम बहादुर बस्नेतको छोरा, झापा जिल्ला, बद्धशान्ति गा.पा वडा नं. ४ बस्ने, यस बैंकको बुधबारे शाखा कार्यालयको खातावाला श्री याम बहादुर बस्नेतको मिति २०८२/०९/०४ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा टेक बहादुर बस्नेतले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## ऐसेलुखर्क गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

ऐसेलुखर्क, खोटाङ्ग
कोशी प्रदेश, नेपाल

### बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२१**

यस गाउँपालिकाद्वारा तपसिल अनुसारको निर्माण कार्य राष्ट्रियस्तरको खुल्ला विद्युतीय बोलपत्र खरिद प्रक्रियाको माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाताहरुका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ। यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कार्यालयको वेबसाईट https://www.aiselukharkamun.gov.np सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट https://www.bolpatra.gov.np/egp, वा यस कार्यालयको सूचनापाटी तथा कार्यालय समयमा कार्यालयको प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ।

**बोलपत्र सम्बन्धी विवरण**

| Contract Id. No: | Description of Work | Estimated Amount (In Rs. With VAT and PS) | Cost of Bid Document (NRs.) | Bid Security amount (NRs.) | Last Date and Time for Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|
| ARM-KHO-16/2082-083/NCB/Works | Construction of Tourism Infrastructure at Mahabhir Waterfall, Bakachol, Khotang | Rs.56,02,468.58 | Rs.3000 | Rs.1,35,000 | 2082/11/22 (6th March, 2026) 12:00 Hrs. | 2082/11/22 (6th March, 2026) 13:00 Hrs. |

प्रमुख प्रशासकीय अधिकृत

## Gandaki Province Government
## Ministry of Physical Infrastructure Development & Transport Management
# Infrastructure Development Office
Gorkha

### Invitation for Bids

**Date of Publication: 2082-10-21 (4 February 2026)**

Infrastructure Development Office, Gorkha invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding – Single Stage Double Envelope and Single Stage Single Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S. N. | Works Descriptions | Bid Fee (NRs) | Estimate Amount with VAT & PS (NRs) | Bidding Procedure | Bid Validity Period | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading of Chuwadanda-Pelchet-Katunje-Dandare Khola-Dhunchet-Richet Khola to Kasigaun Keraunja Runchet Road,Arughat 1,2 and Dharche 2,6,Gorkha (Contract ID: IDO/GORKHA/NCB/W/R/75/082/083) | 20,000 | | Single Stage Double Envelope | 120 Days | 5,600,000.0 |
| 2. | Upgrading Nareshwar Tiwari gaun nya sanghu Madhyapahadi lok marga Jodne Sadak ,Gorkha Municipality-03 (Contract ID: IDO/GORKHA/NCB/W/R/92/082/083) | 3,000 | 4,864,144.09 | Single Stage Single Envelope | 90 Days | 125,000.00 |

1. Bank details For Bid Documents Fee:- Bank Name- Rastriya Banijaya Bank Ltd,Gorkha
   Office :- Infrastructure Development Office,Gorkha
   Account No:- 1000100201010004
   Office Code:- 3370136014
   Rajaswa(Revenue) No:-14229
2. Bid Security Validity Period Must be 30 days beyond Bid validity period.
3. Pre-bid Meeting will be held in Infrastructure Development Office, Gorkha at 13: hours of 2026/02/24 (2082/11/12).
4. Last Date of Bid Submission 12:00 hours of 2026/03/06 (2082/11/22) in Infrastructure Development Office Gorkha.
5. Bids Will be opened at 13:00 hours of 2026/03/06 (2082/11/22) in Infrastructure Development Office Gorkha.

**Infrastructure Development Office, Gorkha**

## साउदीमा रोजगार

कम्पनी: RIYADH MEAT TRADING EST — शहर: JEDDAH
पुर्व स्वीकृत मिति: २०८२/१०/२० — चलानी नं.: ६०२५१७१० — L.T. No.:338216

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Butcher General | 1 | 0 | स. काममा दक्ष | 1400 | ५४,५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २८ गते (11 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**FAZAL INTERNATIONAL PVT. LTD.** Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

## मलेसियामा रोजगार

कम्पनी : BERADIN PLANTATION SDN.BHD. — शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ — चलानी नं.: ६०२४७०९२ — LT. No.:333471 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Plantation Sector) | 7 | 0 | स. काममा दक्ष | 1700 | ६३,०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २८ गते (11 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**MONEY HOME OVERSEAS PVT. LTD.** Govt. Lic. No. 863/066/067
Tokha -10, Kathmandu, Nepal, Tel.: 4984683, 4985068, 4956752
Email: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np
Website: www.moneyhomeoverseas.com.np

## कतारमा रोजगार

कम्पनी: MORADO COFFEE — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/१०/२० — चलानी नं.: ६०२५१६८७ — LT. No.: 338200

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 1 | स. काममा दक्ष | 1400 | ५६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: LAVENDER ZOHOOR SALON — शहर: DOHA
पूर्व स्वीकृत मिति:२०८२/१०/२० — चलानी नं.: ६०२५१६९० — LT. No.: 338201

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 0 | 5 | स. काममा दक्ष | 1700 | ६८,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २८ गते (11 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Sky Of The World Manpower Pvt. Ltd.** श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9860924657, 9860049528. 9851068774, 9851035867. E-mail : info@skymanpower.com.np Web.www.skymanpower.com.np

## साउदीमा रोजगार

कम्पनी: National Aluminum Smelting Company — शहर: Riyadh
पूर्व स्वीकृत मिति : २०८२/१०/२० — चलानी नं.: ६०२५१७१९ — LT. No.: 338209

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २८ गते (11 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

## युएईमा रोजगार

कम्पनी: SAPTAKOSHI CLEANING SERVICES — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/२० — चलानी नं.: ६०२३३९३२ — L.T. No.: 319702 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 100 | 0 | स. काममा दक्ष | 1200 | ४७,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २८ गते (11 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र नं. १८३।०५७।०५८
पो. ब.न. १४१५०, महाराजगञ्ज (इन्द्रेणी फुडल्याण्ड पछाडी), काठमाडौं, नेपाल
फोन: ४७२१३९४, ४७२१३९५, मोबाइल नं.: ९८५१०२९९१४, ९८४१७६६२४२, ९८१३५९५४४६,

## साउदीमा रोजगार

कम्पनी: High Dam Transport Corporation — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/१०/२० — चलानी नं.: ६०२५१७२२ — L.T. No.: 338219

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WORKER LOADING & UNLOADING | 14 | 0 | स. काममा दक्ष | 1000 | ३८,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ २८ गते (11 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Space Overseas Services Pvt. Ltd.** श्रम इजाजत पत्र नं.: १११/०५४/०५५
Budhanilkantha, Kathmandu, Tel: 4376717, 4379275, Fax: 4377352
E-mail : info@spaceoverseas.com, Web : www.spaceoverseas.com

## Cyprus मा रोजगार | १. कम्पनी:E.C. ILLUMINATE - Lic no. 481, Paphos, Cyprus

पूर्व स्वीकृती मिति २०८१/१२/२५ — चलानी नं. ६०२३५८१६ — LT.No. 321541 — पून:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | 20 | - | स.काममा दक्ष | 700 | १२१,३९०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ३५,०००।- |

**अन्तर्वार्ता २०८२ माघ २८ गते (11 February, 2026) मेनपावर कार्यालय गोगंबुमा हुनेछ।**

[illegible]

**S.R.C. Job Placement Pvt. Ltd.** Gov. Lic. No. 1585/079/80
Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com

# गौर–चपुरखण्डमा बढ्यो सवारी दुर्घटना



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २० माघ

जिल्लाको चपुर सडकखण्डअन्तर्गत सुखदेव चोकभन्दा केही पछाडि मंगलबार बिहानै कार दुर्घटना भएको छ । सडक निर्माणमा संलग्न निर्माण कम्पनीको चरम लापरबाहीका कारण दुर्घटना भएको भन्दै स्थानीयले कडा विरोध जनाएका छन् ।

मंगलबार बिहानै बागमती प्रदेश ०१-०३१ च १७१२ नम्बरको पन्च ई.भी. कार निर्माणाधीन सडकको असुरक्षित अवस्थाका कारण दुर्घटनामा परेको हो । दुर्घटनामा मानवीय क्षति नभएपनि सवारी साधनमा भने पूर्ण रूपमा क्षति पुगेको हो । प्रत्यक्षदर्शीका अनुसार सडकमा रहेका खाल्डाखुल्डी र अव्यवस्थित निर्माण सामग्रीका कारण चालकले नियन्त्रण गुमाउँदा घटना भएको हो ।

स्थानीयका अनुसार उक्त सडकखण्डमा लामो समयदेखि निर्माण कार्य भइरहेपनि सुरक्षाका कुनै पनि न्यूनतम मापदण्ड अपनाइएको छैन । निर्माणाधीन क्षेत्रमा यात्रु र चालकलाई सचेत गराउने चेतावनी संकेत रिफ्लेक्टर, वा डायभर्सन बोर्ड नराखिनु नै दुर्घटनाको मुख्य कारण रहेको उनीहरूको दाबी छ ।

सडक बनाउन खाडल खनिएको छ तर कतै पनि संकेत राखिएको छैन । रातको समयमा वा बिहानको कुहिरोमा बाटो नदेखिँदा सवारी चालकहरू मृत्युको पासोमा परिरहेका छन् एक स्थानीयले आक्रोश पोखे ।

**स्थानीयको माग र प्रशासनको ध्यानाकर्षण**

सडक निर्माणमा भइरहेको ढिलासुस्ती र लापरबाहीले सर्वसाधारणको ज्यान जोखिममा पर्नु गम्भीर चिन्ताको विषय बनेको छ । स्थानीय आक्रोशित समूहले यस्ता ज्यानमारा सडक खण्डहरूको तत्काल मर्मत गर्न र सुरक्षा व्यवस्था दुरुस्त बनाउन माग गरेका छन् ।

साथै निर्माण कार्यमा लापरवाही गर्ने ठेकेदार तथा निर्माण कम्पनीलाई तत्काल कानुनी दायरामा ल्याइ कारबाही गर्न उनीहरूले जोडदार माग गरेका छन् ।

प्रहरीले घटनाको मुचुल्का तयार गरी अनुसन्धान सुरु गरेको जनाएको छ, तर सडक निर्माणका नाममा सर्वसाधारणको ज्यानसँग खेलबाड गर्ने प्रवृत्ति नरोकिँदासम्म यस्ता दुर्घटना न्यूनीकरण हुने देखिँदैन । सम्बन्धित निकायले समयमै चासो नदिए थप ठूलो मानवीय क्षति हुन सक्ने खतराप्रति स्थानीयले सचेत गराएका छन् ।


## साउदीमा रोजगार

कम्पनी : FUTURE COMING GENERAL CONTRACTING ESTABLISHMENT शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०४/०५ चलानी नं.: ६०२४१२८० L.T. No.: 327472 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 3 | 0 | स. काममा दक्ष | 1000 | ३८,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : FUTURE COMING GENERAL CONTRACTING ESTABLISHMENT शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०४/०५ चलानी नं.: ६०२४१२७९ L.T. No.: 327461 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २८ गते (11 February 2026) मा हुनेछ ।

